# कुशे गाउँपालिका

# स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

**(Health Emergency, Disaster Preparedness and Response Plan-Kuse Rural Municipality)**

---

कुशे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

थर्पु भार्मा, कर्णाली प्रदेश, नेपाल

२०७९

सम्पादक मण्डल

प्रकाशकः- स्वास्थ्य विपद् ब्यवस्थापन समिति, कुशे गाउँपालिका जाजरकोट

फोन नं.: ९८४८१५६९५६

इमेलःkusheruralmunicipality@gmail.com

सर्वाधिकारःस्वास्थ्य विपद् व्यबस्थापन समिति, कुशे गाउँपालिका

जाजरकोट

प्रकाशन सहयोग

स्वास्थ्यको लागि सक्षम प्रणाली, जाजरकोट

योजना मस्यौदा तयारी कार्यदलः

*संयोजक*

आकाश जंग शाह विपद् शाखा प्रमुख कुशे गाउँपालिका जाजरकोट

*सदस्यहरु*

अमर जंग शाह आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा जाजरकोट

प्रतिनिधिःकेशव राणा, स्वास्थ्यको लागि सक्षम प्रणाली, ९८४१०३७०३४

प्रकाशन मितिः भाद्र २०७९

कुशे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल



## भूमिका

देशमा संघीय लोकतान्त्रीक गणतन्त्रको स्थापना पश्चात तीनतहको सरकार संञ्चालन भए संगै स्थानीय सरकारको रुपमा स्थानीय तह तथा कुशे गाउँपालिका वासीन्दाको समग्र विकासको निम्ति यस गाउँपालिकाले अहम् भूमिका निर्वाह गर्दै आईरहेको छ । बढ्दो जनसंख्या, गाउँवासीको अपेक्षा तथा आवश्यक्तालाई मध्यनजर गर्दै विकास निर्माणका कार्यहरु प्राथमिकारण गरी दृढताका साथ गाउँपालिकाले सञ्चालन गर्दै आईरहेको छ ।

नेपालको भौगोलीक अवस्थाले गर्दा देश विभिन्न किसिमका विपद्को जोखिममा रहेको छ र यस कुशे गाउँपालिका पनि जोखिममा रहेको कुरा सर्व विदितै छ । यस गाउँपालिकाका प्राय वस्तिहरु अग्ला पहाड तथा नदी र खोलका किनारमा अविस्थत छन् जस्ले गर्दा वर्षेनि जस्तो बाढी र पहिरो जस्ता प्रकोप जाने हुँदा स्थानीय त्रसित भईरहेका छन् भने यसबाट उत्पन्न विपद्ले उत्पन्न गर्ने स्वास्थ्य समस्याहरु पनि टड्कारो रुपमा देखिने गरेका छन् । यस प्रकारका प्रकोपबाट यस कुशे गाउँपालिकाले मानविय क्षति भोग्नुका साथै ठुलो आर्थिक क्षति पनि व्यहोर्दै आईरहेको छ । त्यस्तै कोभिड-१९ जन्य महामारीले करीब २ वर्ष गाउँपालिकामा त्रास श्रृजना गर्नुका साथै मानविय असर र आर्थिक क्षति पुचाएको छ ।

गाउँपालिकाको स्वास्थ्य संकट तथा विपद् जोखिम न्यूनिकरणकालागि गाउँपालिकासंग विशेष कार्ययोजना नहुँदा यस्ता स्वास्थ्य संकट तथा विपद्को जोखिम न्यूनिकरण गर्न र प्रतिकार्यकोलागि असहज भएकाले हामीले स्वास्थ्य संकट तथा विपद् जोखिम न्यूनिकरण प्रतिकार्य योजनाको आवश्यक्ता महसुस गरेका छौं र यो कार्ययोजना स्वास्थ्यको लागि सक्षम प्रणालीको आर्थिक तथा प्राविधिक सहयोगमा संयुक्त रुपमा विभिन्न चरणहरु सम्पन्न गर्दै निर्माण भएको यस स्वास्थ्य संकट तथा विपद् जोखिम न्यूनिकरण प्रतिकार्य योजनाले आगामि दिनमा यस्ता प्रकारको विपद्बाट हुने क्षति तथा जोखिमलाई न्यूनिकरण गर्न र समयमै प्रतिकार्य गर्नको लागि महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने कुरामा म पूर्ण रुपमा विश्वस्त छु ।

यस गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण तथा तर्जुमा गर्नको लागि अग्रपंक्तिमा रहेर प्राविधिक सहयोग गर्नुहुने अमेरिकी अन्र्तराष्ट्रिय विकास नियोग (यू.एस.ए.आई.डी.)को आर्थिक सहयोगमा सञ्चालीत स्वास्थ्यको लागि सक्षम प्रणाली कार्यक्रमका प्रतिनिधि श्री केशव राणा लगायतका सम्पूर्ण प्रतिनिधिलाई विषेश धन्यवाद दिन चाहन्छु । साथै योजना तर्जुमाको क्रममा मस्यौदा समितिमा रहेर काम गर्नुहुने सम्पूर्ण मस्यौदा समितिका सदस्यहरु, संकटासन्नता लेखाजोखा तथा विभिन्न चरणको मस्यौदा निर्माण प्रक्रियामा संलग्न वडाध्यक्ष, गाउँपालिकाका प्रतिनिधि, नेपाल प्रहरी र अन्य सहयोगी निकायलाई धन्यवाद व्यक्त गर्दछु ।

**हरी चन्द्र बस्नेत**
गाउँपालिका अध्यक्ष
कुशे गाउँ पालिका

# विषयसूचि

खण्ड एकः प्रारम्भिक ........ १
१.१ विपद्बारे संक्षिप्त जानकारी ........ १
१.२ योजनाको उद्देश्य ........ १
१.३ योजना तर्जुमा प्रक्रिया ........ २
१.४ योजना तर्जुमा एवम् कार्यान्वयनका आधारभुत मान्यता ........ ३
खण्ड दुईः विपद् जोखिम व्यवस्थापनको अवस्था ........ ४
२.१ कुशे गाउँपालिकाको संक्षिप्त परिचय ........ ४
२.१.१ कुशे गाउँपालिकाको भौगोलिक बनावट सम्बन्धी सामान्य जानकारी ........ ४
२.१.२ भू-धरातलिय स्वरुप तथा क्षेत्र ........ ५
२.२ विपद्का घटना एवं क्षति विश्लेषण ........ ५
२.३ प्रकोपको स्तरीकरण ........ ६
२.४ प्रकोपको मौसमी विश्लेषण ........ ६
२.५ सामाजिक सङ्कटासन्नता विश्लेषण ........ ७
२.६ प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण ........ ७
२.७ सम्भाव्य प्रकोप प्रभाव आँकलत तथा नक्साङ्कन ........ ९
२.८ सम्भावित विपद् जोखिम विश्लेषण ........ १०
२.९ विपद्को अनुमानित परिदृष्य ........ १०
२.१० गाउँपालिकाको क्षमता विश्लेषण ........ ११
२.११ विषयक्षेत्र तथा कार्य जिम्मेवारी ........ १३
३.११.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र ........ १३
२.११.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण ........ १४
२.११.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र ........ १४
२.११.४ खानेपानी, सरसफाई तथा प्रवर्द्धन विषय क्षेत्र ........ १४
२.११.५ संरक्षण तथा आपत्कालीन शिक्षा विषय क्षेत्र ........ १५
२.११.६ विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र ........ १५
२.११.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र ........ १६
खण्ड तीनः पूर्वतयारी तथा प्रतिकार्य योजना ........ १७

३.१ सामान्य पूर्वतयारी योजना ........................................................................................................ १७
३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........................................................................................ १८
३.२.१ समन्वय, खोज तथा उद्धार विषय क्षेत्र ........................................................................................ १८
३.२.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र ........................................................................ १९
३.२.३ आपतकालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र ........................................ १९
३.२.४ खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र ........................................................................ २०
३.२.५ संरक्षण तथा शिक्षा विषय क्षेत्र ........................................................................................................ २१
३.२.६ विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र ........................................................................ २२
३.२.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र ........................................................................ २२
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ........................................................................................ २३
३.३.१ समग्र व्यवसथापन, खोज तथा उद्धार विषय क्षेत्र ........................................................................ २३
३.३.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र ........................................................................ २४
३.३.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र ........................................ २५
३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषय क्षेत्र ........................................................................ २६
३.३.५ संरक्षण तथा शिक्षा विषय क्षेत्र ........................................................................................................ २७
३.३.६ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र ........................................................................ २८
३.३.७ विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र ........................................................................ २९
खण्ड चारः स्वास्थ्य संकट पूर्वतयारी तथा प्रतिकार्य योजना ........................................................................ ३०
४.२ स्वास्थ्य संकट प्रतिकार्य योजना ........................................................................................................ ३२
खण्ड पाँचः कार्यन्वयन, अनुगमन तथा सिकाई योजना ........................................................................ ३३
५.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको कार्यान्वयन रणनीति ........................................................................ ३३
५.२ श्रोत साधनको व्यवस्थापन ........................................................................................................ ३४
५.३ क्षमता विकास रणनीति र योजना ........................................................................................................ ३५
५.४ अन्य निकायसँगको समन्वय र सहकार्य ........................................................................................ ३६
........................................................................................................ ३६
........................................................................................................ ३६
........................................................................................................ ३६
५.५ अनुगमन, मुल्याङ्कन तथा सिकाई ........................................................................................................ ३७

५.५.१ अनुगमन तथा मुल्याङ्कन .......... ३७

५.५.२ लक्ष्य र सुचकहरु .......... ३७

अनुसूची १: स्थानीय विपद् व्यवस्थापन समितिमा विद्यमान पदाधीकारीहरुको विवरण .......... ४१

अनुसूची २: सरोकारवाला निकायको पहिचान तालिका.......... ४१

अनुसूची ३: विषयगत क्षेत्रको विवरण.......... ४१

१. समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र.......... ४१

२. प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र .......... ४२

३. अस्थायी आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री र राहत व्यवस्थापन विषयगत क्षेत्र .......... ४२

४. खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र.......... 42

५. संरक्षण तथा शिक्षा विषयगत क्षेत्र.......... ४२

६. विपद् लेखाजोखा तथा सुचना व्यवस्थापन विषयगत क्षेत्र.......... ४३

७. जीविकोपार्जन, पूनर्स्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्र .......... ४३

अनुसूची ४: उपलब्ध श्रोत साधनहरुको विवरण .......... ४३

अनुसूची ५: अनुगमन तथा मुल्यांकन फारम.......... ४५

सन्दर्भ सामाग्रीहरुः.......... ४६

# खण्ड एकः प्रारम्भिक

## १.१ विपद्बारे संक्षिप्त जानकारी

प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको सुचिमा नेपाल भूकम्पका हिसाबले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसावमा चौथो तथा एसियामा छैठौ जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो तथा महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढि परिवारहरु प्रभावित हुने गरेका छन् ।

स्वास्थ्य संकट एवं विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनको प्रमुख उद्देश्य विपद्बाट हुने जोखिम तथा मृत्युदर उल्लेख्य रुपमा घटाउनु, विभिन्न महामारीका कारण उत्पन्न हुनसक्ने स्वास्थ्य संकटको रोकथाम एवं व्यवस्थापन गरी त्यसबाट हुने क्षतिलाई न्यूनिकरण गरी तिनीहरुको उत्थानशीलता बढाएर विकासको दिगोपनालाई स्थायित्व दिनु हो । तीनवटै तहका सरकारको अधिकार बाँडफाँट सम्बन्धि संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली २०७५ को दफा ८ (१) एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) न तथा ११ (४) ख (१५) र स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ मा प्रवन्ध गरिए बमोजिम स्थानीय तहको स्वास्थ्य संकट एवम् विपद् व्यवस्थापन सम्बन्धमा तोकिएको काम, कर्तव्य र अधिकार २०७५ तथा रणनीतिक कार्ययोजना २०१८-२०३० को लक्ष्य र मार्गदर्शन एवम् नीतिगत र कानूनी अधिकार र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०७६ को पहिलो संशोधन २०७६ ले तय गरेको विधि र प्रकिया बमोजिम गाँउपालिकाको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्यलाई चुस्त र प्रभावकारी रुपमा अगाडि बढाउन यस कुशे गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पहिलो संस्करणको दस्तावेजको रुपमा तर्जुमा गरिएको छ ।

## १.२ योजनाको उद्देश्य

स्वास्थ्य संकट एवम् विपद्को समयमा प्रभावितहरुको जीवन रक्षा सम्पत्ति तथा जनधनको सुरक्षा र संरक्षण गरी मानवीय संकटको सामना तथा प्रभावकारी प्रतिकार्य गर्न स्थानीय स्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका व्यक्ति तथा समुदायलाई उचित मानवीय सहायता सुनिश्चित गर्नु र प्रकोपको रोकथाम तथा विपद् जोखिम न्यूनीकरणका लागि गाँउपालिकाको स्रोत साधन एवम् क्षमता वृद्धि गर्दै स्वास्थ्य संकट एवम् विपद् जोखिम व्यवस्थापन पद्धति, संरचना र प्रकृयालाई जवाफदेहीपूर्ण ढंगले परिचालन एवम् कार्यान्वयन गरी कुशे गाउँपालिकालाई उत्थानशील तथा सुरक्षित गाँउपालिकाको रुपमा विकास गर्नु यस योजनाको प्रमुख उद्देश्य हो जुन निम्नानुसार रहेका छन्

१. स्वास्थ्य संकट एवम् विपद्बाट हुने क्षति घटाउनु र प्रभावित हुने व्यक्ति, परिवार तथा समुदायलाई उपयुक्त मानवीय सहायता सुनिश्चित गर्ने ।

२. गाउँपालिकामा स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनिकरण तथा पूर्वतयारीका गतिविधिहरुलाई व्यवस्थित र समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने ।

३. स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्ने ।

४. विपद् पूर्वतयारीलाई प्राथमिकताका साथ कार्यान्वयन गरी विपद् पछि उद्धार राहतका लागि हुने खर्च कम गर्ने ।

५. विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरुसँगको समन्वय र सहकार्यमा गाँउपालिकाको स्वास्थ्य संकट एवम् विपद् प्रतिकार्य पद्धति, संरचना तथा समग्र क्षमता सुदृढ गर्ने ।

६. विषयगत क्षेत्रका आधारमा गाँउपालिकाको विपद् न्यूनिकरण तथा व्यवस्थापन क्षमता बढाउदै क्षेत्रगत तथा नियमित विकासका कार्यक्रम मार्फत स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनिकरणलाई निरन्तरता दिने ।

## १.३ योजना तर्जुमा प्रक्रिया

कुशे गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पहिलो मस्यौदाको रुपमा तर्जुमा गरिएको छ । यस गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने सन्दर्भमा २०७८ चैत्रमा गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समितिको बैठकमा छलफल भयो । यस बैठकले स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने निर्णय गऱ्यो । स्वास्थ्यको लागि सक्षम प्रणालीले गाउँपालिकालाई स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने सहमति बमोजिम नगरपालिका र स्वास्थ्यको लागि सक्षम प्रणालीका प्रतिनिधि केशव राणा रहेको योजना मस्यौदा समिति निर्माण भयो । विधि, प्रक्रिया र कार्यतालिका तय गरी योजना तर्जुमाको प्रक्रिया शुरु गरियो ।




गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति, वडाध्यक्षहरु र सरोकारवालाहरुबीचमा छलफल गरी गाउँपालिकाको सङकटासन्नता तथा क्षमता लेखाजोखा गरियो । यही छलफलबाट विषयगत क्षेत्रको पहिचान गरी ७ वटा विषयगत क्षेत्र निर्धारण गरियो । सङकटासन्नता तथा क्षमता विश्लेषणका आधारमा पूर्वतयारी र प्रतिकार्यका क्रियाकलापहरु निर्धारण गरियो । त्यसपछि विषयगत क्षेत्र र संयुक्त योजना तर्जुमा बैठकहरु सञ्चालन गरी त्यसका आधारमा योजनाको मस्यौदा तयार गरियो । सरोकारवालाहरुको वैठक आयोजना गरी मस्यौदामाथि छलफल र पृष्ठपोषण लिने कार्य सम्पन्न गरियो । प्राप्त पृष्ठपोषण समेतलाई समेटेर योजनाको अन्तिम मस्यौदा तयार गरि स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा भएको हो ।

## १.४ योजना तर्जुमा एवम् कार्यान्वयनका आधारभुत मान्यता

१. गाउँपालिका क्षेत्रमा गरिने स्वास्थ्य संकट एवम् विपद् जोखिम न्यूनीकरण, व्यवस्थापन, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्निर्माणका सम्पूर्ण गतिविधिहरु गाउँपालिकाको नेतृत्वमा हुनेछन् ।

२. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्यमा कहिँ कतै रिक्तता हुन नदिन र सन्तुलित कार्यान्वयनको लागित ७ वटा विषयगत क्षेत्रको प्रवन्ध गरिएको छ । यस गाँउपालिकामा कार्यरत सम्पूर्ण सरोकारवाला निकायहरु तथा संघसंस्थाहरुले आफ्नो कार्यक्षेत्र बमोजिम सम्बन्धित विषयगत क्षेत्रसँगको समन्वयमा प्रतिकार्य र पूर्वतयारीका गतिविधिहरुमा सहयोग गर्नेछन् ।

३. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्य मानविय सहायताका लागि गरिने सहयोग एकद्धार नीति बमोजिम गाउँपालिकाको स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार हुनेछ ।

४. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्य विषयगत क्षेत्रको समन्वय तथा गाउँपालिकाको नेतृत्वमा हुनेछ र लेखाजोखा, सुचना व्यवस्थापन, श्रोत परिचालन तथा व्यवस्थापन एकिकृत पद्धति अनुरुप हुनेछ ।

५. समुदाय, सामाजिक संघसंस्था तथा सरकारी निकायहरुको स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्य क्षमता विकास गरी गाउँपालिकाको समग्र विपद् व्यवस्थापन क्षमता सुदृढ गरिनेछ ।

६. स्वास्थ्य संकट एवम् विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्यको काम स्थानीय सरकारको नेतृत्व तथा समन्वय, सामाजिक तथा नागरिक क्षेत्रको सहयोग र नीजि क्षेत्रसँगको साझेदारीमा हुनेछ ।

७. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्यको गतिविधि तथा मानवीय सहायताका कार्यहरु सुशासनको मान्यता अनुरुप पारदर्शी, सहभागितामुलक र समावेसी हुनेछन् ।

८. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्य तथा मानवीय सहायताका गतिविधिहरु मानवता, तटस्थता, निष्पक्षता र स्वतन्त्रता जस्ता मानवीयताका मुलभुत सिद्धान्तमा आधारित हुनेछन् ।

९. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्यमा उपलब्ध स्थानीय श्रोतसाधन र जनशक्तिको अधिकतम प्रयोग र परिचालनको नीति लिईनेछ ।

१०. स्वास्थ्य संकट एवम् विपद प्रतिकार्य तथा पूर्वतयारी कार्यलाई प्राथमिकताका आधारमा क्षेत्रगत विकासका नियमित गतिविधिहरुसँग एकीकृत गरी विकासमा मुल प्रवाहीकरण गर्दै गाँउपालिकाको समग्र उत्थानशीलतामा विकास गरिनेछ ।

# खण्ड दुईः विपद् जोखिम व्यवस्थापनको अवस्था

## २.१ कुशे गाउँपालिकाको संक्षिप्त परिचय

जाजरकोट जिल्ला कर्णाली प्रदेशको एक सुन्दर र ऐतिहासिक पहाडी जिल्लाको रुपमा चिनिन्छ भने यो जिल्लामा रहेका कुल ३ वटा नगरपालिका र ४ वटा गाउँपालिक गरेर जम्मा ७ वटा स्थानिय निकाय रहेका छन् । कुशे गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत पर्ने पहाडी जिल्ला जाजरकोटको साविकको निर्वाचन क्षेत्र नं. १ का ढिमे र पैंक तथा क्षेत्र नं. २ का साविकका पजारु, टालेगाउँ र अर्छानीलाई सम्मिलन गरी बनाईएको एक स्थानीय तह हो । समुन्द्री सतहबाट १ हजार ७५ मिटर उचाईबाट सुरु भएको यो गाउँपालिका सबैभन्दा उचाइमा रहेको कुशे गाउँपालिका अन्तर्गत पर्ने कुशे पाटन ४ हजार ३ सय ८८ मिटर उचाईमा रहेको छ । कुशे पाटन गाउँपालिकामा पर्ने सरुगाड र चैयागाड २ ठुला जलाधारको प्रमुख श्रोत समेत हो । महत्वमुर्ण विभिन्न प्रजातिय जडिबुटी बहुमुल्य रत्नपत्थर काईनाइट, टुरमालिन पाईने यस क्षेत्रमा कुशे पाटनको फेदीमा विश्वको दुर्लभ रेडपाण्डाको बासस्थान रहेको छ । जिल्लाकै सामरिक महत्व बोकेको जुम्ला र जाजरकोटको सिमाको रुपमा रहेको कुशे पाटन भएकोले नै कुशे पाटनको नामबाट गाउँपालिकाको नाम पनि कुशे गाउँपालिका राखिएको हो । यो क्षेत्र विशेष गरी फलफुल उत्पादनको पकेट क्षेत्रको रुपमा लिईएको छ । साविक ढिमे गा.वि.स. मा सुन्तला र आलुको व्यवसायीक खेती गरिन्छ भने साविक टालेगाउँ र अर्छानी गा.वि.स. मा काईनाईट र टुर्मालिन प्रशस्त मात्रामा पाईनछ ।  यस गाउँपालिकाको कुल जनसंख्या २० हजार ६ सय २१ जना रहेको छ भने यसको क्षेत्रफल २७३.९७ वर्ग किलोमिटर रहेको छ । यस पालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन् र पालिकाको सदरमुकाम वडा नं. ५ थर्पु भार्मामा पर्दछ । यस कुशे गाँउपालिका धरातलिय रुपमा प्राय उच्च पहाडि भू-भाग रहेको छ र उच्च पहाडी भु-भागमा कडा किसिमको चट्टान (पत्रे चट्टान) रहेकाले, बाढी र पहिरोको दृष्टिले बढी संवेदनशील मानिनुका साथै वर्षेनी भुक्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ । यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षति समेत हुने गरेको छ । यस गाउँपालिकामा विभिन्न प्रकोपहरु जस्तै भूकम्प, पहिरो, बाढी र स्वास्थ्य संकट (महामारी) ले प्रत्यक्ष प्रभाव पारिरहेको छन् ।

विक्रम संवत् २०७०, २०७७ र २०७८ सालमा बाढी र पहिरो संगसंगै गएको थियो र त्यसबाट करीब रु. ३८ लाख बराबरको आर्थिक क्षति भएको थियो भने करीब ५५ रोपनि जमिन, केही घर बगाएको थियो, २५ घरपरिवार विस्थापित भएका थिए र २ जनाको मृत्यु भएको थियो । उक्त घटनावाट प्रभावितका लागि राहात स्वरुप यस पालिकाले राहत सामाग्री वितरण गरेको थियो । त्यस्तै वि.सं. २०७६/०७७  सालमा यस कुशे गाउँपालिकामा कोभिड-१९ महामारी अन्यत्र जस्तै फैलिएको थियो । उक्त महामारीबाट ४० लाख बराबरको आर्थिक क्षति भएको थियो, भने यसले समजमा त्रास सृजना गरेको थियो । त्यस्तै २०७२ सालमा ईन्फ्लुएन्जाको महामारी भएता पनि यसबाट कुनै जनधनको क्षति भएको थिएन भने पालिकामा वर्षेनी झाडापखाला, आँऊ, हैजा जस्ता स्वास्थ्य समस्याहरु देखा पर्ने गरेका छन् ।

### २.१.१ कुशे गाउँपालिकाको भौगोलिक बनावट सम्बन्धी सामान्य जानकारी

यस गाउँपालिकाको सीमाना पूर्वमा भेरी नगरपालिका, नलगाड तथा बारेकोट, पश्चिममा जुनिचाँदे गाउँपालिका, उत्तरमा जुम्ला जिल्ला रहनुको साथै दक्षिणमा छेडागाड नगरपालिका रहेको छ ।

### २.१.२ भू-धरातलिय स्वरुप तथा क्षेत्र

- अग्ला हिमश्रृङ्खलाजन्य पहाड छन् ।
- पालिकाको मध्ये भुभागमा सरुगाड खोला अवस्थित छ ।

तालिका १ : कुशे गाउँपालिकाको जनसांख्यिक विवरण

| **वडा नं.** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षेत्रफल व.कि.मि. | १५.४२ | २६.५० | ३०.१९ | १३.०१ | ३७.३४ | १९.६५ | २५.४३ | ८५.६३ | २० .८० |
| घरधुरी संख्या | ३१५ | ५७० | ३७१ | ३२७ | ६३५ | ४०९ | ३९२ | ५२६ | ३९२ |
| पुरुष जनसंख्या | ९४७ | १७८९ | ११०३ | १०१९ | १८९५ | १२९० | १२८९ | १६३८ | १२७६ |
| महिला जनसंख्या | ९११ | १७३५ | १०५३ | ९५७ | १८०१ | १२६० | १२७५ | १६२० | १२९५ |
| जम्मा जनसंख्या | १८५८ | ३५२४ | २१५६ | १९७६ | ३६९६ | २५५० | २५६४ | ३२५८ | २५७१ |

*श्रोतः कुशे गाउँपालिकाको वस्तुस्थिति विवरण २०७४/७५,* *http://103.233.56.101:5003/profiling/main/kuse*

## २.२ विपद्का घटना एवं क्षति विश्लेषण

२०७८ साल चैत्रमा गाीएको कुशे गाउँपालिकाको प्रकोप, सङकटासन्नता तथा क्षमता लेखाजोखाको आधारमा भुकम्प, पहिरो, बाढी, कोभिड-१९, सडक दुर्घटना, कुकुरको टोकाई, आगलागी र चट्याङ गरेर ७ प्रकारका विपद्का घटनाहरु विगतमा हुने गरेको पाईयो ।

*तालिका २ : कुशे गाउँपालिकामा विगतमा भएका विपद्का घटनाहरु र यसबाट भएको क्षति*

| विपद्को घटना/ समय | प्रभावित स्थान/क्षेत्र | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक क्षति | पुष्ट्याँईको आधार |
|---|---|---|---|---|---|
| भुकम्प<br>२०४५ र २०७२ | सबै वडा | - १९ घरहरु चर्किएका<br>- ८ घर भत्केका | छैन | ११ करोड | छलफल |
| पहिरो २०७० भाद्र,<br>२०७७ र २०७८ | सबै वडा | -२० वटा घर पुरीएको<br>-भैंसी १२ वटा मरेको<br>-९ विद्यालय चर्कीएका | ३ जनाको मृत्यु | १५ लाख | छलफल तथा तथ्यांक |
| बाढी २०७० भाद्र | ५ नम्बर वडा ( किमेरे देखि बगीरा सम्म कटान) | -खाद्यसंकट | २ जना | २० लाख | छलफल |
| आगलागी<br>वर्षेनी | सम्पूर्ण वडा | - जंगलको विनास<br>-१५० खोटाबाकस जलेको | १ जना | २५ लाख | छलफल |
| चट्याङ्ग | सबै वडा | स्वास्थ्य क्षेत्र (त्रास) | भएन | २ लाख | छलफल |
| ईन्फ्लुएन्जा२०७२ | वडा नं. ८ र ९ | -स्वास्थ्य क्षेत्र, त्रास | भएन | ७ लाख | छलफल तथा स्वास्थ्य शाखाको तथ्यांक |
| कोभिड-१९<br>२०७६ | सबै वडा | - संक्रमण, मृत्यु र मानसिक असर<br>- शैक्षिक क्षेत्रमा प्रभाव<br>- आर्थिक क्षेत्रमा प्रभाव | भएन | ४० लाख | छलफल तथा स्वास्थ्य शाखाको तथ्यांक |

*श्रोतः गाउँपालिकाको प्रकोप सङ्टासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

## २.३ प्रकोपको स्तरीकरण

कुशे गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र विभिन्न कालखण्डमा घटेका घटनाक्रमको इतिहास केलाउँदा तथा त्यसप्रकारका विपद्बाट मानवीय, भौतिक, आर्थिक, सामाजिक तथा प्राकृतिक क्षतिको आँकलन गर्दा यस गाउँपालिकामा हुनसक्ने विपदलाई निन्नानुसार स्तरीकरण गरिएको छ ।

*तालिका ३: प्रकोपको स्तरीकरण*

| प्रकोप | भुकम्प | पहिरो | बाढी | कोभिड-१९ | आगलागी | ईन्फ्लुएन्जा | चट्याङ |
|---|---|---|---|---|---|---|---|
| स्तर | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | छैटौं | सातौं |

*श्रोत: गाउँपालिकाको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

## २.४ प्रकोपको मौसमी विश्लेषण

अवस्थिति तथा भौगर्भिक कारणले उत्पन्न हुने भुकम्प जस्ता प्राकृतिक प्रकोप जुनसुकै समय र स्थानमा आउन सक्छन्, जसको कुनै मौसमी प्रकृति हुँदैन र भुकम्पकोलागि हरेक समय उत्तिकै जोखिमपूर्ण छ । बाढी, पहिरो जस्ता जलवायु तथा मौसमजन्य प्रकोपका घटना मौसममा निर्भर रहन्छन् । मनसुनी हावापानीको क्षेत्रमा अवस्थित नेपालमा हावापानीको विशेषता त्यसै अनुरुप निर्धारण भएको हुन्छ । नेपालमा वार्षिक रुपमा ८० प्रतिशत वर्षात वर्षायामको ४ महिनामा हुने गर्दछ भने हिउँदे वर्षा कम मात्र हुने गर्छ । यसर्थ बाढी, पहिरो जस्ता जलउत्पन्न प्रकोप जेठ महिना देखि असोजसम्मको ४/५ महिनाको अवधिमा बढी हुने गर्दछ । हिउँदको समय सुख्खा हुने तथा फाल्गुन चैत्रमा हावाहुरी पनि बढ्ने हुँदा आगलागीका घटना पनि बढ्छन् । सडक दुर्घटनाको कुनै मौसमी प्रकृती नभए पनि वर्षायाममा सडकको अवस्था बिग्रने भएकाले प्राय बढी सडक दुर्घटना हुने गरेको तथ्य छ । त्यस्तै महामारीको पनि खासै मौसमी प्रकृति नभएता पनि झाडापखाला तथा हैजा जस्ता महामारी वर्षायाममा हुने गर्दछन् भने श्वासप्रश्वास सम्बन्धि स्वास्थ्य समयस्या जाडोयाममा हुने गर्दछन् ।

प्रकोप पात्रो विश्लेषणले प्रकोपको मौसमी प्रकृति अनुसार पूर्वतयारीको लागि कुन समयमा केन्द्रित हुने र प्रतिकार्यको लागि कुन समयमा तत्पर रहने भन्ने योजना तयार गर्न मद्दत गर्दछ । कुशे गाउँ पालिकाको सन्दर्भमा जेष्ठ महिना देखि असोज महिनासम्म बढी विपद्का घटनाहरु हुन सक्ने समय हो । यस समयमा सबैभन्दा बढी पहिरो तथा बाढीका घटनाहरु हुने गर्दछन् । महामारी र भुकम्प जहिले पनि घट्न सक्छन् । त्यसैले मनसुन शुरु हुनुभन्दा अगाडी बैशाखमा नै पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन गर्ने, आवश्यक र तत्काल गर्नुपर्ने तयारीहरु गर्ने, संयन्त्र, जनशक्ति, उपकरण तयारी अवस्थामा राख्ने गर्नुपर्दछ जस्ले गर्दा विपद्लाई समयमा छिटो र व्यवस्थित तरीकाले व्यवस्थापन गर्न टेवा पुग्दछ ।

*तालिका ४: कुशे गाउँपालिकाको प्रकोप पात्रो*

| प्रकोप | बैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| कोभिड-१९ | | | | | | | | | | | | |
| ईन्फ्लुएन्जा | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |

*श्रोत: गाउँपालिकाको प्रकोप सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, २०७८*

## २.५ सामाजिक सङ्कटासन्नता विश्लेषण

एउटै विपद्को घटनाबाट पनि फरक सामाजिक समुह र उमेर समुहका मानिसलाई फरक किसिमले प्रभाव र असर पर्दछ । अपङ्गता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धा, दीर्घरोगी तथा गर्भवती र शिशुलाई स्तनपान गर्दैगरेका आमाहरु अन्य व्यक्तिको तुलनामा विपद्को जोखिम उच्च हुने गर्दछ । वि.सं. २०७२ सालमा गएको विनासकारी भुकम्पमा परेर ५५ प्रतिशत महिला तथा ४५ प्रतिशत पुरुषको मृत्यु भएको थियो । यस गाउँपालिकामा जम्मा जनसंख्या २४१५३ ( *श्रोत: कुशे गाउँपालिकाको वस्तुस्थिति विवरण २०७४/७५*) तथा स्वास्थ्यको लक्षित जनसंख्या अनुसार जनसंख्या २३२८४ छ, जस मध्य १ वर्ष मुनीको जनसंख्या २.५२ प्रतिशत छ, ५ वर्ष मुनिको जनसंख्या १२.६९ प्रतिशत छ भने ६० वर्ष माथिको जनसंख्या ६.४६ प्रतिशत रहेको छ । अपेक्षित गर्भवतिको जनसंख्या ३.२७ प्रतिशत रहेको छ । विशेष गरी अपङ्गता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धा, दीर्घरोगी तथा गर्भवती र शिशुलाई स्तनपान गर्दैगरेका आमाहरु अन्य व्यक्तिको तुलनामा विपद्को उच्च जोखिममा हुने भएकाले विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सञ्चालन र मानवीय सहायताका लागि काम गर्दा यस प्रकारका जोखिममा रहेका वर्गलाई प्राथमिकतामा राखेर उचित सम्बोधन गर्नुपर्छ ।

*तलिका ५: कुशे गाउँपालिकाको संवेदनशिल एवमे जोखिमा रहेका समुह र परिवारको वडागत जनसंख्या*

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ वर्ष मुनि | ४८ | ८३ | ५६ | ५२ | ९७ | ६२ | ६४ | ८० | ६६ | २.५२ |
| ५ वर्ष मुनि | २४४ | ४१९ | २८४ | २६२ | ४८९ | ३१० | ३२३ | ४०४ | ३३० | १२.६९ |
| ६० वर्ष माथि | १२४ | २१३ | १४५ | १३३ | २४९ | १५८ | १६४ | २०६ | १६८ | ६.४६ |
| अपेक्षित गर्भवती | ६३ | १०८ | ७३ | ६७ | १२६ | ८० | ८३ | १०४ | ८५ | ३.२७ |

श्रोत: कुशे गाउँपालिकाको लक्षित जनसंख्या २०७८/७९

## २.६ प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण

विद्यमान प्रकोप सङ्कटासन्नता, विगतमा विपद्बाट भएको असर, छलफलबाट आएका तथ्य तथा सुचनाका साथै अन्य सुचनाहरुको विश्लेषण समेतको आधारमा कुशे गाउँपालिकाको प्रमुख प्रकोपहरुको जोखिम स्तर निर्धारण गरिएको छ । कुनै पनि प्रकोपको सङ्कटासन्नतामा रहेका समुदाय तथा जनसंख्याको संवेदनशीलता, विपद्का घटनाको प्रकृति, गाम्भिर्यता

र प्रभावको विस्तार जस्ता कुराहरुको आधारमा उच्च, मध्यम र न्यून गरी जोखिम स्तर निर्धारण गरिएको छ । यसरी विश्लेषण गर्दा कुशे गाउँपालिकामा भुकम्प, पहिरो, बाढी, कोभिड-१९ महामारीको उच्च जोखिम रहेको देखिन्छ  भने ईन्फ्लुएन्जा र आगलागीको मध्यम जोखिम देखिन्छ ।

*तालिका ६: कुशे गाउँपालिकाको प्रकोप सङ्कटासन्नता तथा जोखिम विश्लेषण*

| विपद् (Disaster) | सङ्कटासन्नता (Vulnerability) | आवृत्ति (Frequency) | गाम्भिर्यता (Intensity) | प्रभाव (Impact) | जोखिम (Risk) |
|---|---|---|---|---|---|
| भुकम्प | **उच्च (३)**<br>- सिंगो हिमालय क्षेत्र नै उच्च जोखिममा रहेको<br>- भौगर्भिक दरारहरु नजिकै रहेको<br>- भवन संरचनाहरु कमजोर रहेको<br>- उच्च जोखिममा रहेको जनसंख्या | **मध्यम** (२) | **उच्च** (३) | **उच्च** (३) | **उच्च** (५४) |
| पहिरो | **उच्च (३)**<br>- ठुलाठुला पहाड नै पहाड रहेको (कम समथर जमिन)<br>- भिरालो जमिन<br>- डाँडा तथा भिरलो जमिनमा वस्ती नै वस्ती<br>- प्रकृतिक श्रोतको तिब्र दोहन तथा उत्खनन्<br>- उच्च जोखिममा रहेको जनसंख्या | **उच्च** (३) | **मध्यम** (२) | **मध्यम** (३) | **उच्च** (५४) |
| बाढी | **मध्यम (३)**<br>- तटीय आसपासमा रहेको वस्ती<br>- बाढी सँगसँगै पहिरो जानु<br>- प्रकृतिक श्रोतको तिब्र दोहन तथा उत्खनन्<br>- उच्च जोखिममा रहेको जनसंख्या | **मध्यम** (२) | **मध्यम** (२) | **मध्यम** (३) | **मध्यम** (३६) |
| कोभिड-१९ | **उच्च (३)**<br>- उच्च संक्रामक रोग<br>- कमजोर स्वास्थ्य पूर्वाधार र तयारी<br>- सावधानीका उपायहरुको कमजोर पालना<br>- उच्च जोखिममा रहेको जनसंख्या | **मध्यम** (२) | **उच्च** (३) | **उच्च** (२) | **उच्च** (३६) |
| ईन्फ्लुएन्जा | **मध्यम** (२)<br>- विस्तार तथा निर्माण हुदै गरेको सडक<br>- सडकको कमजोर गुणस्तर<br>- कमजोर गुणस्तरका सवारी साधन | **उच्च** (३) | **उच्च** (२) | **मध्यम** (२) | **उच्च** (२४) |
| आगलागी | **मध्यम** (२)<br>- जंगलमा लगाएको आगो वस्तीमा फैलीनु<br>- तापमानमा बृद्धि | **मध्यम** (२) | **मध्यम** (२) | **मध्यम** (२) | **मध्यम** (१६) |
| चट्याङ | **मध्यम** (२)<br>- प्राकृतिक मौसमी कारणले | **मध्यम** (२) | **मध्यम** (२) | **मध्यम** (२) | **मध्यम** (१६) |

## २.७ सम्भाव्य प्रकोप प्रभाव आँकलत तथा नक्साङ्कन

*तालिका ७: कुशे गाउँपालिकाको सम्भाव्य प्रकोप आँकलन तथा नक्साङ्कन*

| प्रकोप | उच्च जोखिम वडा | उच्च जोखिम वस्ती | जोखिममा रहेका घरधुरी | जोखिममा रहेको जनसंख्या | विद्यालय | स्वास्थ्य संस्था | खानेपानी संरचना | सडक खण्ड |
|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | सबै वडा | सबै वस्ती | ३९३७ | २४१५३ | सबै विद्यालय | ९ वटा | सबै | सबै |
| पहिरो | सबै वडा | धाउनी, गोया टालेगाँउ, बिलकोट, भ्फारगाँउ, तिमिल डाँडा, गोबिन्दे, भौता,तुम्ती, काभ्री र अर्छानी,खुर्पा, जहरगाँउ, धिई,सागबारी,चोर्त्यानी,बडा खोला, कफल्ना खोला,पहाडा,रिजा पहाडा,चौराटा र थानवडा | १००५ | ३१३० | ९ वटा | ३ वटा | सबै | सबै |
| बाढी | सबै वडा | गोया,भ्फारगाँउ, डेब्रा, मुले डाँडा, डौंरी, टापुचौर,डाँडाखेत,भुन्टिगाडे, काफ्री,रोपाली,बाटुले, सिमचौर, बगीर, औंलातरी, गिठातरी, बाटुले, सिमलगाँउ, घरंगा, गारघट्ट, चोरत्यानी,नार्‍या, छेडा, मालतडा, ग्राग्ली, साङटा,चौरी खेत | ४११ | १२८० | ९ वटा | ३ वटा | सबै | सबै |
| कोभिड-१९ | सबै वडा | सबै वस्ती | ३९३७ | २४१५३ | सबै विद्यालय | सबै | - | - |
| ईन्फ्लुएन्जा | २,८ र ९ | कारीगाँउ, बगतडा, तिमिल डाँडा, बिल्कोट, जिन्तला, बिजुली डाँडा, कफल्ना, रिजा, पैक, चौराटा | ९०० | २२०० | - | - | - | - |
| आगलागी | १,३,४, ५ र ७ | रिउपे, काफलबडा, गैराभौंता,डाँडाभौता, डाँडाखेत,गला, खुर्पा, जहरगाँउ, नाउलीखेत, ढिमे, दम्दला, बाटुले | १०७ | ३२७ | २३ वटा | ३ वटा | सबै | - |
| चट्याङ | सबै वडा | सबै वस्ती | ३९३७ | २४१५३ | सबै | सबै | - | - |

## २.८ सम्भावित विपद् जोखिम विश्लेषण

*तलिका ८: कुशे गाउँपालिकाको सम्भावित जोखिम विश्लेषण*

| प्रमुख विपद् | उच्च जोखिम वडा | उच्च जोखिम वस्तीहरू | जोखिममा रहेको पूर्वाधार | जोखिममा रहेका घरधुरी | जोखिममा रहेको जनसंख्या |
|---|---|---|---|---|---|
| बाढी | सबै वडाहरु | गोया,झारगाउँ, डेब्रा, मुले डाँडा, डौंरी,टापुचौर, डाँडाखेत,भुन्टिगाडे, काफ्री,रोपाली,बाटुले, सिमचौर, बगीर, औंलातरी, गिठातरी, बाटुले, सिमलगाँउ, घरंगा, गारघट्ट, चोरत्यानी, नार्‍या, छेडा, मालतडा, ग्राग्ली, साङटा,चौरी खेत | -खानेपानी तथा सडक<br>- खेतियोग्य जमिन<br>- घरहरु तथा वस्ती<br>- स्वास्थ्य भवन<br>- बनजङगल<br>- विद्यालय<br>- पुल | ४११ | १२८० |
| पहिरो | सबै वडाहरु | धाउनी, गोया टालेगाउँ, बिलकोट, झारगाउँ, तिमिल डाँडा, गोबिन्दे, भौता,तुम्ती, काभ्री र अर्छानी,खुर्पा, जहरगाउँ, धिई,सागबारी,चोर्त्यानी,बडाखोला, कफल्ना खोला,पहाडा,रिजा पहाडा,चौराटा र थानवडा | - खानेपानी तथा सडक<br>- खेतियोग्य जमिन<br>- घरहरु तथा वस्ती<br>- स्वास्थ्य भवन<br>- बनजङगल<br>- विद्यालय<br>- पुल | १००५ | ३१३० |
| आगलागी | १,३,४,५ र ७ | रिउपे, काफलबडा, गैराभौंता,डाँडाभौता, डाँडाखेत,गला, खुर्पा, जहरगाउँ, नाउलीखेत, ढिमे, दम्दला, बाटुले | - वनजङगल<br>- वस्ती<br>- खानेपानीको पाइप | १०७ | ३२७ |
| कोबिड- १९ | सबै वडा | सबै वस्ती | | ३९३५ | २४१४३ |
| ईन्फ्लुएन्जा | २,८ र ९ | कारीगाउँ, बगतडा, तिमिल डाँडा, बिल्कोट, जिन्तला, बिजुली डाँडा, कफल्ना, रिजा, पैक, चौराटा | - वस्ती | ९०० | २२०० |
| चट्याङ | सबै वडा | सबै वस्ती | - वस्ती | ३९३५ | २४१४३ |

## २.९ विपद्को अनुमानित परिदृष्य

कुशे गाउँपालिकाको बहुप्रकोपको अवस्थालाई विश्लेषण गर्दा भुकम्प, पहिरो, बाढी, कोभिड-१९, ईन्फ्लुएन्जा, आगलागी र चट्याङ जस्ता विपद् एवम् महामारीजन्य स्वास्थ्य संकटको जोखिम देखिन्छ। छलफलबाट गरिएको सङ्कटासन्नता तथा क्षमता विश्लेषणबाट प्रत्येक वर्ष दोहोरिरहने पहिरो र बाढी बाट १४१६ घरधुरी जोखिममा रहेको देखिन्छ भने ४४१० जनसंख्या प्रत्यक्ष रुपमा प्रभावीत हुने देखिन्छ। भुकम्प र कोभिड-१९ जस्ता स्वास्थ्य संकटजन्य विपद्को प्रभाव अझ धेरै विस्तार हुनसक्ने देखिन्छ। त्यसैले समयमै आवश्यक तयारी गर्नुपर्दछ।

*तालिका ९: संवेदनशील एवम् जोखिममा रहेको समुह र परिवारको जनसंख्या*

| जोखिममा रहेको तथा संवेदनशील जनसंख्या | १ वर्ष मुनिको जनसंख्या | ५ वर्ष मुनिको जनसंख्या | १८ वर्ष मुनिको जनसंख्या | ६० वर्ष माथिको जनसंख्या | अपेक्षित गर्भवती | जम्मा |
|---|---|---|---|---|---|---|
| प्रभावित हुनसक्ने अनुमानित जनसंख्या | ६०८ | ३०६५ | १२१०५ | १५६० | ७८९ | १८१२७ |

श्रोत: कुशे गाउँपालिकाको लक्षित जनसंख्या २०७८/७९

## २.१० गाउँपालिकाको क्षमता विश्लेषण

विपद् एवम् स्वास्थ्य संकटको प्रभावकारी रुपमा प्रतिकार्य, पर्याप्त पूर्वतयारी र विपद् पछिको परिस्थितिलाई यथाशीघ्र सामान्य अवस्थामा फर्काउन तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरु संचालन गर्न आवश्यक पर्ने संस्था, संरचना, नीति, कानुन, योजना, पूर्वाधार, भौतिक स्रोत साधन, प्राकृतिक स्रोत, आर्थिक स्रोत, सामाजिक स्रोत र मानवीय स्रोतको विद्यमान अवस्थाको लेखाजोखा र गाउँपालिकाको विपद् प्रतिकार्य क्षमता सुदृढ गर्नको लागि गाउँपालिकाको क्षमता अभिवृद्धिको आवश्यक्ता विश्लेषण यस प्रकार छ ।

*तालिका १०: कुशे गाउँपालिकाको क्षमता विश्लेषण*

| क्षेत्र | अवस्था विश्लेषण | आवश्यक्त विश्लेषण |
|---|---|---|
| कानुन, नीति, योजना | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली नभएको<br>- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन नभएको<br>- विपद् व्यवस्थापन नीति नभएको<br>- स्वास्थ्य नीति भएको<br>- विपद् कोष व्यवस्थापन कार्यविधि भएको<br>- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना नभएको<br>- स्वास्थ्य संकट प्रतिकार्य योजना नभएको | - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्ने ।<br>- स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गरेर प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने । |
| संस्था तथा संरचना | - स्थानीय विपद् व्यवस्थापन समिति गठन भएको<br>- बडा स्तरीय विपद् व्यवस्थापन समिति गठन नभएको<br>- द्रुत प्रतिकार्य टोली (RRT) को गठन भएको<br>- स्थानीय आपत्कालीन कार्य संचालन केन्द्रको स्थापना र संचालन गठन नभएको<br>- विषयगत क्षेत्र (Cluster) को गठन नभएको | - स्थानीय आपत्कालीन कार्य संचालन केन्द्रको स्थापना र संचालन गठन गर्नुपर्ने ।<br>- खोज, उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यदल गठन गर्नुपर्ने ।<br>- विषयगत क्षेत्र (Cluster) को गठन गर्नुपर्ने। |
| पूर्व सुचना तथा विपद् सुचना व्यवस्थापन | - गाउँपालिकाको स्वास्थ्य सम्बन्धि डिजिटल प्रोफाईल तयार भएको<br>- गाउँपालिका आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन नभएको ।<br>- गाउँपालिकाको विपद् जोखिम एवम् स्वास्थ्य संकट सम्बन्धि नक्शांकन नभएको । | - गाउँपालिकाको स्वास्थ्य सम्बन्धि प्रोफाईलमा स्वास्थ्य संकट सम्बन्धि विवरण पनि समावेश गनुपर्ने ।<br>- गाउँपालिका आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्नुपर्ने ।<br>- गाउँपालिकाको प्रोफाईलमा विपद् जोखिम एवम् स्वास्थ्य संकट सम्बन्धि विवरण तथा नक्शांकन समावेश गर्नुपर्ने । |
| पूर्वाधार एवं | - खानेपानी तथा सडक प्रयाप्त र गुणस्तरीय नभएको ।<br>-विद्युत सेवाको पहुँच नभएको । | - खानेपानी, विद्युत तथा सडकको पहुँच र विस्तार प्रयाप्त रुपमा गर्नुपर्ने । |

| | | |
|---|---|---|
| भौतिक श्रोत साधन | - स्वास्थ्य संस्था (स्वास्थ्य चौकी ५)<br>- विद्यालय ५४<br>- एम्बुलेन्स गाँउ पालिकासंग नरहेको ।<br>- दमकल सेवा नभएको । | - सबै वडामा सामान्य खोज उद्धारका सामाग्रीहरु, स्वास्थ्य एवम् सुरक्षाका सामाग्रीको प्रबन्ध गर्नुपर्ने ।<br>- आपतकालीन अश्रय स्थल बनाउन सकिने सामुदायिक भवन तथा खुल्ला ठाँउमा खानेपानी, विद्युत तथा सडकको पहुँच पुऱ्याउनु पर्ने ।<br>- गाँउपालिकामा आगलागीको समस्या देखिएकाले उपयुक्त दमकल सेवाको व्यवस्था गनुपर्ने । |
| प्राकृतिक श्रोत | - वनक्षेत्र भएको<br>- नदीनाला / पानीका मुहान भएका<br>- खुला चउर भएको<br>- बाँसघारी नभएको | - वनक्षेत्र, नदीनाला / पानीका मुहानको संरक्षण गर्नुपर्ने ।<br>-बाँसघारीको लागि बाँस रोप्नुपर्ने । |
| सामाजिक श्रोत | - टोल सुधार समिति, बालक्लब, युबाक्लब तथा आमा समुह भएको ।<br>- सामुदायिक भवन ४ वटा छन् ।<br>- सामाजिक, सामुदायिक संघ संस्था भएको । | - सामाजिक संस्था तथा श्रोतहरुलाई विपद् न्यूनीकरण तथा पूर्वतयारीमा संलग्न गराउने नीति र कार्यक्रम सञ्चालन गर्नुपर्ने ।<br>- सामाजिक संस्थाहरुको संयन्त्र बनाई उनीहरुको श्रोतलाई एकीकृत रुपमा परिचालन गर्नुपर्ने । |
| आर्थिक श्रोत | - बैंक १ वटा छ ।<br>- बचत समुह १८ वटा छन् ।<br>- विपद् कोष ३५ लाखको छ । | नीति तथा प्रक्रिया तय गरेर आर्थिक क्षेत्रलाई विपद् न्यूनीकरण, पूर्वतयारी तथा व्यवस्थापनमा संलग्न गराउने र परिचालन गर्ने नीति तथा कार्यक्रम बनाउनु पर्ने । |
| मानवीय श्रोत | - स्वास्थ्यकर्मी ४७ जना तथा अस्थायी आवास निर्माण गर्नसक्ने जनशक्ति ४० जना रहेका छन् ।<br>- नेपाल प्रहरी ४५ जना रहेका छन् ।<br>- विपद् सम्बन्धि तालिम दिन सक्ने जनशक्ति छन् । | - गाउँपालिकामा रहेका दक्ष जनशक्तिलाई संगठित रुपमा विपद् प्रतिकार्य र पूवतयारी तथा व्यवस्थापनका लागि तयारी गर्नुपर्ने ।<br>- वडा तथा वस्तीस्तरमा आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबृद्धि गर्नुपर्ने । |

### २.११ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस कुशे गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि विश्वव्यापी तथा राष्ट्रिय तहमा भएका विषयगत क्षेत्रको अभ्यास, स्थानीय आवश्यक्ता र गाउँपालिकाको संस्थागत संरचना अनुसार ७ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ र विषयगत क्षेत्रको जिम्मेवारी देहाय बमोजिम छ ।

*तालिका ११: विषगत क्षेत्र र यसको नेतृत्व*

| क्र. सं. | विषयगत क्षेत्र | नेतृत्व/शाखा |
|---|---|---|
| १. | समन्वय, खोज तथा उद्धार विषय क्षेत्र | गाउँपालिका प्रमुख- गाउँपालिका विपद् व्यवस्थापन समिति<br>शाखा- वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| २. | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र | संयोजक- सामाजिक विकास विषयगत समिति<br>शाखा- स्वास्थ्य शाखा |
| ३. | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र | संयोजक- वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>शाखा- वातावरण तथा विपद् व्यवस्थापन शाखा |
| ४. | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषय क्षेत्र | संयोजक- सामाजिक विकास विषयगत समिति<br>शाखा- खानेपानी तथा सरसफाई शाखा |
| ५. | आपत्कालीन संरक्षण तथा शिक्षा विषय क्षेत्र | संयोजक- सामाजिक विकास विषयगत समिति<br>शाखा- शिक्षा शाखा |
| ६. | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र | संयोजक- वातावरण तथा विपद् व्यवस्थापन विषयगत समिति<br>शाखा- गाउँपालिका आपत्कालीन कार्य सञ्चलन केन्द्र |
| ७. | जीविकोपर्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र | संयोजक- पूर्वाधार विकास विषयगत समिति<br>शाखा- पूर्वाधार विकास शाखा |

### ३.११.१ समन्वय, खोज तथा उद्धार विषयगत क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनै पनि विपद्को घटना वा स्वास्थ्य संकटको अवस्था श्रृजना भएमा तत्काल प्रतिकार्यमा एकवद्धभएर मानवीय जीवन रक्षा तथा सम्पत्तिको सुरक्षा गरी जनजीवन सामान्य अवस्थामा ल्याउनु पर्ने हुन्छ । यसका लागि गाउँपालिका विपद् व्यवस्थापन समितिको अध्यक्षको हैसियतले विपद् प्रतिकार्यको सम्पूर्ण नेतृत्व गाँउपालिका प्रमुखले गर्नुपर्दछ । विपद्को परिस्थितिमा एकातिर अन्य विषयगत क्षेत्रका साथै गाउँपालिका मातहतका श्रोत साधन र सबै संयन्त्रहरु प्रतिकार्यका लागि परिचालन गर्नुपर्दछ । विपद्को प्रभाव अनुसार बाह्य सहयोगको लागि गाउँपालिकाभित्र र बाहिर, जिल्ला, प्रदेश तथा केन्द्रिय निकायसम्म समन्वय गर्नुपर्दछ । विपद्को समयमा विपद्बाट प्रभावित समुदायमा तुरुन्त खोज, उद्धार, प्राथमिक उपचार र राहत वितरणको लागि समन्वय गर्ने, विपद् प्रभावितहरुको पहिचान गरी परिचयपत्र उपलब्ध गराउने, मानिसको मृत्यु भएमा एकीन गरी शव व्यवस्थापनको प्रबन्ध मिलाउने र यसको लागि समयमै आवश्यक पूर्वतयारी गर्नु नै समन्वय, खोज तथा उद्धार क्षेत्रको मुख्य काम हो । यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिका प्रमुखले गर्नेछन् । गाउँपालिकामा रहेका सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, निजी क्षेत्रका प्रतिनिधि र अन्य सबै विषय क्षेत्रका संयोजकहरु यसम सदस्य रहन्छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत यस विषयगत क्षेत्रको सदस्य सचिवको रुपमा रहन्छन् ।

### २.११.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण

विपद्को समयमा खोज उद्धार कार्यसँगै घाईतेहरुको जीवन रक्षाको लागि प्राथमिक उपचार सेवा आवश्यक पर्दछ साथै गम्भीर प्रकृतीका घाईतेहरुको लागि थप उपचारको प्रवन्ध गर्नुपर्दछ । प्रभावित समुदाय तथा आश्रयस्थलमा स्वास्थ्य सेवालाई निरन्तरता दिनुपर्ने हुन्छ । महामारीजन्य विपद् तथा स्वास्थ्य संकटको समयमा स्वास्थ्य क्षेत्रको प्रमुख भुमिका रहन्छ । विपद् प्रभावित समुदायका बालबालिक, बृद्धबृद्धा, गर्भवती तथा स्तनपान गराउने आमाहरुको लागि थप पोषणयुक्त खानाको आवश्यक्ता पर्दछ । गाउँपालिकाको स्वास्थ्य संरचना र क्षमताको परिचालन गरी प्राथमिक उपचार, स्वास्थ्य सेवा र पोषणको प्रबन्ध गर्नु यस विषयगत क्षेत्रको प्रमुख जिम्मेवारी हो । यस विषयगत क्षेत्रले कोभिड-१९ जस्ता स्वास्थ्य महामारीको संक्रमण, रोकथाम, नियन्त्रण र व्यवस्थापनको कार्य समेत गर्नेछ । यस विषयगत क्षेत्रको नेतृत्व गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले गर्दछन् भने गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका स्वास्थ्य संस्था तथा अस्पतालहरु र स्वास्थ्य तथा पोषणको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधहरु यस विषयगत क्षेत्रका सदस्य हुने व्यवस्था छ ।

### २.११.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

गाउँपालिका क्षेत्रमा कुनैपनि विपद्को घटना वा स्वास्थ्य संकट हुन गएमा त्यसबाट विस्थापित तथा प्रभावित भएकाहरुलाई बस्नका लागि आश्रयस्थल र सबै प्रभावितहरुलाई आवश्यक खाद्य सामाग्री उपलब्ध गराउने तथा अन्य गैर खाद्य सामाग्री एवम् कपडाको प्रबन्ध गर्ने । महामारीजन्य स्वास्थ्य संकटको समयमा क्वारेन्टिन एवम् आईसोलेसन केन्द्रहरुको व्यवस्थापन गर्ने, खोज उद्धार, राहत एवम् स्वास्थ्य सामाग्रीहरुको खरिद तथा भण्डारण एवम् ढुवानीको व्यवस्था गर्ने, विपद् लेखाजोखा लगायतका कामको आवश्यक बन्दोबस्ती मिलाउने यस विषयगत क्षेत्रको जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्दछन् भने विपद् व्यवस्थापन सम्पर्क अधिकृत सदस्य सचिवको रुपमा रहन्छन् ।

### २.११.४ खानेपानी, सरसफाई तथा प्रवर्द्धन विषय क्षेत्र

विपद् पश्चात प्रभावित समुदायमा खानेपानी तथ सरसफाईका पूर्वाधारहरुमा क्षेति हुनसक्दछ । विस्थापितहरुले आश्रय लिएको आश्रय स्थलमा खानेपानी र सरसफाईको उचित र पर्याप्त प्रबन्ध गनुपर्दछ । विपद् पश्चात सरसफाई र स्वच्छताको उचित प्रबन्ध नभएको खण्डमा थप स्वास्थ्यजन्य महामारी फैलन सक्छन् । विपद् प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थल वा क्वारेन्टि र आईसोलेसन केन्द्रमा खानेपानी एवम् सरसफाईको प्रबन्ध तथा स्वस्थता प्रवर्द्धन गर्नु, प्रभावितहरुको लागि मापदण्ड अनुसारको सरसफाई तथा स्वस्थता प्रवर्द्धनका सामाग्रीहरुको सुनिश्चितता गर्नु, विपद्जन्य घटनाबाट सिर्जना भएका फोहोरहरुको व्यवस्थापन, मरेका पशु चौपायको व्यवस्थापन, व्यक्तिगत सरसफाईका सामाग्रीको व्यवस्थापन र विपद्बाट क्षेति भएका खानेपानी तथा सरसफाईका पूर्वाधारहरुको पुनर्स्थापना गर्न सहयोग गर्नु यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनको क्षेत्रमा कार्य गर्ने संस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.११.५ संरक्षण तथा आपत्कालीन शिक्षा विषय क्षेत्र

विपद्को घटना पछि समुदाय तथा परिवारहरु विस्थापित हुन्छन् जहा कतिपय बालबालिकाले अविभावक गुमाँउछन् । यस्तो विषम अवस्थामा महिला र बालबालिकामाथि हिंसाका घटनाहरु बढ्नसक्छन् । कुशे गाउँपालिकामा धेरै विद्यालयहरु पहिरो तथा बाढीको जोखिममा छन् र विगतमा पनि प्रभावित हुँदै आईरहेका छन् । वि.सं.२०७२ सालको भुकम्पमा परी थुप्रै विद्यालयहरुमा असर पर्‍यो । यो भन्दा ठुलो भकम्प आएको खण्डमा अधिकांश विद्यालयमा क्षेती पुग्न सक्छ । कोभिड-१९ को महामारीका कारण लामो समय विद्यालय बन्द भए । संरक्षण तथा शिक्षा विषयगत क्षेत्रले विपद्को समयमा किशोरी, गर्भवती, सुत्केरी, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, दीर्घ रोगी तथा बृद्धबृद्धाहरुको संरक्षण गर्ने, आवश्यक पर्ने सामाग्रीहरु जस्तै सेनेटरी प्याड, लत्ताकपडा उपलब्ध गराउने, प्रभावितलाई मनोसामाजिक परामर्श प्रदान गर्ने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नुपर्दछ । विद्यालयहरु क्षती भएमा वा भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्ने अवस्था नभएमा तत्काल शैक्षिक गतिविधिहरुलाई निरन्तरताको लागि वैकल्पिक व्यवस्था गर्ने र सामान्य अवस्थामा यसको लागि पूर्वतयारी तथा सुरक्षित विद्यालय कार्यढाँचालाई कार्यान्वयन गर्न सहयोग गर्ने, संरक्षण तथा शिक्षा क्षेत्रको क्षति र आवश्यक्तको लेखाजोखा गरी पुनर्स्थापना र पुनर्निर्माणमा सहयोग गर्ने र विद्यालय मार्फत स्वास्थ्य संकट एवम् विपद् सुरक्षा सम्बन्धि चेतना समुदायमा फैलाउने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । गाउँपालिकाको सामाजिक विकास समितिको संयोजकले यस विषयगत क्षेत्रको नेतृत्व गर्दछन् भने शिक्षा शाखा प्रमुख सदस्य सचिव रहन्छन् । गाउँपालिकामा रहेका संरक्षण तथा शिक्षा क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरु यस विषयगत क्षेत्रको सदस्य रहन्छन् ।

### २.११.६ विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा गर्न विपद्संग सम्बन्धित र अन्य सामाजिक, आर्थिक तथ्याङ्कको आवश्यक्ता पर्दछ । अझ विपद् पश्चात खोज, उद्धार, राहत र प्रतिकार्यका कामहरु अघि बढाउन विपद्को सामान्य तथा विषयगत क्षतिको तथ्याङ्क आवश्य पर्दछ । यस विषय क्षेत्रले विपद्को क्षति तथा नोक्सानीको लेखाजोखा गर्ने यी सुचनाहरुलाई व्यवस्थापन गर्ने र विषयगत क्षेत्रका विवरणहरु सम्बन्धित क्षेत्रलाई उपलब्ध गराई पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्दछ । वडा स्तरीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र स्थानीय सुरक्षा निकायसंग समन्वय गरी प्रारम्भिक द्रुत लेखाजोखा गरी तत्काल विपद्को क्षतीको सुचना संकलन गर्ने संयन्त्र विकास गर्ने । क्षतीको प्रारम्भिक लेखाजोखा तथा क्षेत्रगत आवश्यक्त लेखाजोखा गर्न गृह मन्त्रालयले तयार गरेको विपद् लेखाजोखा मार्गदर्शनको आधारमा आवश्यक फारम तयार गर्ने र तालिम दिई जनशक्ति तयार गर्ने । क्षतीको आधारमा प्रभावितहरुको वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने । विपद्का सुचनाहरु गाउँपालिका आपत्कालीन कार्य सञ्चालन केन्द्रमा व्यवस्थापन गर्ने र निर्धारित प्रक्रिया बमोजिम जिल्ला, प्रदेश तथा केन्द्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा आदानप्रदान गर्ने यस विषयगत क्षेत्रको मुख्य जिम्मेवारी हो । यस विषयगत क्षेत्रको नेतृत्व वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजकले गर्नेछन् भने स्थानीय आमत्कालीन कार्य सञ्चालन केन्द्र हेर्ने अधिकृत सदस्य सचिवको रुपमा रहनेछन् । नेपाल रेडक्रस सोसाईटी लगायत

विपद् लेखाजोखा क्षेत्रमा अनुभव भएका र स्वयम् सेवक परिचालन गर्ने क्षमता भएका स्थानीय संस्थाहरु यसका सदस्यका रुपमा रहनेछन् ।

**२.११.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र**

यस विषयगत क्षेत्रले विपद्को कारण अवरुद्ध हुन पुगेका अत्यावश्य सेवाहरु जस्तै सडक, विद्युत, खानेपानी, टेलीफोन आदी तत्काल सेवा सुचारु गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायहरुमा क्षती पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक, आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवन सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्दछ । विपद् पश्चात विस्थापितहरुलाई तत्काल अस्थायी आश्रयस्थल व्यवस्थापन गर्न तथा आवास, खानेपानी, सरसफाई लगायतका अस्थायी पूर्वाधार तयार गर्न सहयोग गर्दछ । त्यसैगरी पुनर्स्थापनाको चरणमा स्थायी संरचनाहरु पुनर्निर्माण नहुँदासम्मको लागि अस्थायी संरचना तथा पूर्वाधार तयार गर्ने काम गर्दछ । आपत्कालीन पूर्वाधार क्षती भएर आवतजावत अवरुद्ध भएमा सेवा सुचारु गर्नको लागि तत्काल अस्थायी पूर्वाधार निर्माण गर्ने । गाउँपालिकाले कुनै पनि पूर्वाधार निर्माण गर्दा मापदण्ड बमोजिम र विपद् सुरक्षित भएको सुनिश्चित गर्ने । आपत्कालीन प्रयोजनका लागि अस्थायी आश्रयस्थल, त्यसमा आवश्यक पर्ने खानेपानी तथा सरसफाईका पूर्वाधारहरु तयार गर्ने । विपद्बाट क्षती भएका संरचना तथा पूर्वाधारहरुको पुननिर्माण गर्दा बहुप्रकोपको जोखिमबाट सुरक्षित स्तरीय मापदण्ड अनुसार भएको सुनिश्चित गर्ने । यस विषयगत क्षेत्रको काम विपद्को तत्कालको अपस्थादेखि पुनर्निर्माणको काम नसकिदासम्म लामो समयसम्म पनि चल्न सक्छ र विपद् व्यवस्थापनका ४ वटै चरणमा काम गर्नुपर्ने हुन्छ । यस विषयगत क्षेत्रको नेतृत्व पूर्वाधार विकास समितिको संयोजकले गर्नेछन् भने पूर्वाधार विकास शाखा प्रमुख सदस्य सचिवको रुपमा रहनेछन् ।

*नोटः माथि उल्लिखित विषयगत क्षेत्रको नेतृत्व र सदस्य संस्थाहरुको विवरण अनुसुची ३ मा राखिएको छ ।*

# खण्ड तीनः पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

कुशे गाउँपालिका बहुप्रकोपको जोखिममा छ । विपद्को सम्भावन र त्यसबाट हुनसक्ने जनधनको क्षती कम गर्न र पर्याप्त पूर्वतयारी गरी विपद् एवम् स्वास्थ्य संकट प्रतिकार्य क्षमता सुदृढ गर्न गाउँपालिका विपद् व्यवस्थापन समितिले पूर्वतयारीका विभिन्न गतिविधिहरु नियमित रुपमा गर्नुपर्ने हुन्छ । विपद् पूर्वतयारी र विपद् एवम् स्वास्थ्य संकट व्यवस्थापनलाई विकासका गतिविधिहरुमा जोडेर जोखिमका श्रोतहरुको न्यूनीकरण गर्दै प्रतिकार्यका लागि आधार तयार गर्न सामान्य पूर्वतयारीका रुपमा देहाय बमोजिमको कार्ययोजना तयार गरिएको छ ।

*तालिका १२: कुशे गाउँपालिकाको सामान्य पूर्वतायरी योजना*

| क्र सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका आपत्कालीन कार्य सञ्चालन केन्द्रमा सञ्चार एवम् खोज, उद्धार तथा प्राथमिक उपचार सामाग्रीको प्रबन्ध गर्ने | तत्तकाल | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| २. | गाउँपालिकाका सबै वडाहरुमा समुदायमा आधारित खोज, उद्धार कार्यदल गठन गर्ने | तत्काल | वडा | ९ | वडा विपद् व्यवस्थापन समिति |
| ३. | प्रदेश र केन्द्रीय तहसँग समन्वय हुने गरी विपद् जोखिम न्यूनीकरण वेभ (Web) पोर्टल विकास गरि सञ्चालन गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ४. | विपद् पश्चातको आवश्यक्तको लेखाजोखाको लागि आधुनिक सुचना प्रविधिको उपयोग गरेर द्रुत आँकलन प्रणाली प्रक्रिया तयार गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ५. | आपत्कालीन अस्थायी आश्रयस्थलको लागि गाउँपालिकामा खुल्ला क्षेत्र पहिचान गर्ने | तत्काल | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| ६. | प्रत्येक सार्वजनिक, सरकारी र व्यवसायिक भवनमा अपत्कालीन निकासी मार्ग (Evacuation route) र आपत्कालीन भेला हुने स्थान (Assembly point) छुट्याई विपद् पूवतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र गराउने | २०७९ पौष भित्र | सबै सम्बन्धित कार्यालयहरु | | सम्बन्धित कार्यालयहरु |
| ७. | वडामा भएका सामुदायिक भवनहरुमा आपत्कालीन अस्थायी आश्रयस्थल तथा क्वारेन्टिन सञ्चालनको लागि सडक, खानेपानी तथा सरसफाईका पूर्वाधार तयार गर्ने | २०७९ मंसीर भित्र | पहिचान गरिएका स्थानहरु | आवश्यक्ता अनुसार | पूर्वाधार विकास शाखा |
| ८. | प्रत्येक वडामा आपत्कालीन आश्रयस्थल तथा क्वारेन्टिन/आईसोलेसन सेन्टरमा प्रयोग गर्न सकिने सुरक्षित सामुदायिक भवनको पहिचान/निर्माण गर्ने | नियमित | वडा | प्रत्येक वडामा कम्तिमा १ | पूर्वाधार विकास शाखा वडा कार्यालय |
| ९. | विपद्बाट हुने मानवीय क्षती, बालीमा हुने क्षती, पशु, घर तथा सम्पत्तिको लागि कार्यविधि बनाई बीमा गर्न प्रोत्साहन गर्ने | २०७९ मंसीर भित्र | गाउँपालिका क्षेत्र | | गाउँपालिका विपद् व्यवस्थापन समिति |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | विपद् जोखिम व्यवस्थापनका लागि समुदायमा आधारित संस्थाहरु, स्थानीय गैर संस्थाहरु, स्थायी प्रकृतीका उपभोक्त समितिहरु र नागरिक संस्थाहरुबीच सहकार्यको लागि संयन्त्र तयार गर्ने | २०७९ मंसीर भित्र | गाउँपालिका क्षेत्र | | गाउँपालिका/वडा विपद् व्यवस्थापन समिति |
| ११. | गाउँपालिका क्षेत्रका प्रमुखा प्रकोपहरु (भुकम्प, आगलागी र सडक दुर्घटना, महामारी नियन्त्रण) को लागि परिदृष्यमा आधारित कृतिम घटना अभ्यास नियमित सञ्चालन गर्ने | नियमित | गाउँपालिका क्षेत्र | वार्षिक | गाउँपालिका/वडा विपद् व्यवस्थापन समिति |
| १२. | गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना वार्षिक रुपमा अद्यावधिक गर्ने | नियमित | गाउँपालिका | वार्षिक | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| १३. | सबै विषयगत क्षेत्रको कार्यतालिका बनाएर नियमित बैठक बस्ने | नियमित | गाउँपालिका | त्रैमासिक | सबै विषयगत क्षेत्र |

## ३.२ पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

यस गाउँपालिकामा घट्न सक्ने विपद् त्यसको पूर्वानुमानित आँकलनका आधारमा देहाय बमोजि ७ वटा विषयगत क्षेत्रको पूर्वतयारीका कार्यहरु निर्धारण गरिएको छ। उक्त क्रियाकलापहरु कार्यान्वयनको जिम्मेवारी सम्बन्धित विषयगत क्षेत्रको हुनेछ भने आवश्यक्ता अनुसार अन्य निकाय वा क्षेत्रसँग समन्वय गरी काम गर्नेछन्।

### ३.२.१ समन्वय, खोज तथा उद्धार विषय क्षेत्र

| क्रं सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय र सहयोग |
|---|---|---|---|---|---|
| १. | वडा तहमा गठन भएका खोज, उद्धार टोलीलाई तालिम दिएर प्रथम सामुदायिक उद्धारक (First Community Responder) तयार गर्ने | २०७९ मंसीर भित्र | वडा | ९ | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, अन्य सझेदार संस्थाहरु |
| २. | खोज तथा उद्धारको लागि आवश्य उपकरण तथा सामाग्रीहरुको आँकलन गरी खरीद गर्ने | २०७९ मंसीर भित्र | गाउँपालिका | १ | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, अन्य सझेदार संस्थाहरु |
| ३. | खोज तथा उद्धार टोली परिचालनको लागि न्युनतम खोज तथा उद्धारका सामाग्री खरिद गरी तयारी अवस्थामा राख्ने | २०७९ मंसीर भित्र | वडा | ९ | सुरक्षा निकाय, वडा कार्यालय |
| ४. | खोज तथा उद्धारकालागि प्रयोग गर्न सकिने सवारी साधनहरु र एम्बुलेन्सहरुको सुची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | नियमित | गाउँपालिका | १ | सम्बन्धित कार्यालय |
| ५. | सबै विषयगत क्षेत्रका सदस्यहरु तथा सरोकारवाला निकाय र संस्थाहरुको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | गाउँपालिका | १ | सबै विषयगत क्षेत्र |

### ३.२.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र

| क्र सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय र सहयोग |
|---|---|---|---|---|---|
| १. | गाउँपालिकाका सबै वडाहरुमा स्थानीय स्वास्थ्य संस्थाको समन्वयमा द्रुत प्रतिकार्य टोली (RRT) गठन गर्ने | तत्काल | वडा | ९ | वडा विपद् व्यवस्थापन समिति |
| २. | गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा आपत्कालीन प्रयोजनको लागि औषधिको बफर स्टक व्यवस्थापन गर्ने र औषधि उपलब्ध भएको सुनिश्चित गर्ने | नियमित | वडा | स्वास्थ्य संस्था अनुसार | सम्बन्धित स्वास्थ्य संस्था |
| ३. | वडा तहमा प्राथमिक उपचार कार्यदल गठन गर्ने | तत्काल | वडा | ९ | वडा विपद् व्यवस्थापन समिति |
| ४. | स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविक र वडा स्तरीय कार्यदलका सदस्यहरुको लागि प्राथमिक उपचार तालिम सञ्चालन गर्ने | नियमित | वडा | ९ | वडा विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी, सुरक्षा निकाय |
| ५. | समुदायमा जनस्वास्थ्य सम्बन्धि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने | नियमित | वडा | ९ | गाउँपालिका/वडा विपद् व्यवस्थापन समिति |
| ६. | विपद्को समयमा गर्भवती तथा सुत्केरी महिला र बालबालिकाहरुमा पोषण आवश्यक्ता पुर्तिकालागि पुरक खाना आवश्यक्तको आँकलन गर्ने | आवश्यक्ता अनुसार | गाउँपालिका | १ | विपद् लेखाजोखा विषयगत क्षेत्र |
| ७. | आपत्कालीन अवस्थामा घाईतेहरुको थप उपचारको लागि रिफरल प्रकृया तय गर्ने | आवश्यक्ता अनुसार | गाउँपालिका | १ | गाउँपालिका विपद् व्यवस्थापन समिति |

### ३.२.३ आपतकालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

| क्र सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय र सहयोग |
|---|---|---|---|---|---|
| १. | अस्थायी आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री र राहत व्यवस्थापन विषयगत क्षेत्रका सदस्य संस्थाहरुको सम्पर्क ठेगाना अद्यावधिक राख्ने | नियमित | गाउँपालिक | १ | सम्बन्धित संस्था |
| २. | गाउँपालिकामा भएका हेभी ईक्वीपमेन्ट, ढुवानीका साधनहरु त्था सवारी साधनहरुको लगत तयार गरी आपत्कालीन अवस्थामा प्रयोग गर्न निजी क्षेत्रसंग सम्झौता गर्ने | २०७९ मंसीर | गाउँपालिका | १ | सम्बन्धित संस्था |
| ३. | गाउँपालिकामा कम्तिमा प्रत्येक वडामा १०० परिवारको लागि आवश्य पर्ने गैर खाद्य साामाग्री सेटको स्टक राख्ने | २०७९ मंसीर | वडा | ९ | वडा विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी |
| ४. | प्रत्येक वडामा कम्तिमा १०० परिवारका लागि अस्थायी आश्रयको लागि बहुप्रकोपबाट सुरक्षित स्थान पहिचान गरी राख्ने | २०७९ मंसीर | वडा | ९ | वडा विपद् व्यवस्थापन समिति, |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | गाउँपालिकामा कम्तिमा ३०० परिवार तथा १५०० जनसंख्याको लागि आवश्यक पर्ने गैर खाद्य सामाग्री भण्डारणको क्षमता भएको गोदामघरको व्यवस्था गर्ने | २०७९ मंसीर | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ६. | पहिचान गरिएको स्थानमा अस्थायी आश्रयस्थलका लागि आवश्यक पूर्वाधार, खानेपानी, सरसफाईको प्रबन्ध तथा तत्काल टहरा बनाउन सक्ने व्यवस्था गर्ने | २०७९ मंसीर | गाउँपालिका | आवश्यक्ता अनुसार | पूर्वाधार विकास शाखा |
| ७. | पहिचान गरिएका वा तयार गरिएका अस्थायी आश्रयस्थलका सञ्चालन र सुबिधाहरु म्हामारीको समयमा क्वारेन्टिन एवम् आईसोलेसन केन्द्रको रुपमा प्रयोग गर्न सक्ने र स्वास्थ्य सेवा सञ्चालन गर्न मिल्ने गरी विकास गर्ने | २०७९ मंसीर | गाउँपालिका | आवश्यक्ता अनुसार | पूर्वाधार विकास शाखा |

### ३.२.४ खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र

| क्रं सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय र सहयोग |
|---|---|---|---|---|---|
| १. | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन सम्बन्धि आवश्यक्ताको आँकलन गर्ने | २०७९ मंसीर | गाउँपालिका | १ | खानेपानि, सरसफाई तथा स्वाच्छता प्रवर्द्धन शाखा |
| २. | विपद् लेखाजोखा टोलीलाई खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्रको विपद् सुचना संकलनको तालिम दिने | २०७९ मंसीर | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ३. | कम्तिमा ५०० परिवारलाई पुग्ने आपत्कालीन सरसफाई तथा स्वच्छता प्रवर्द्धन सामाग्री भण्डारणको व्यवस्था मिलाउने | २०७९ मंसीर | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ४. | आपत्कालीन आश्रयस्थल वा आश्रयस्थल पहिचान गरिएका खुल्ला क्षेत्रमा खानेपानी आपुर्तिको श्रोत र आवश्यक सामाग्रीको प्रबन्ध गर्ने | २०७९ मंसीर | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| ५. | रेडियो, टि.भि., पत्रपत्रिका र सामाजिक मिडिया मार्फत सरसफाई सम्बन्धि चेतनामुलक कार्यक्रम प्रसारण गर्ने | तत्काल | गाउँपालिका | नियमित | सम्बन्धित शाखा |
| ६. | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क अद्यावधिक राख्ने | तत्काल | गाउँपालिका | १ | सम्बन्धित शाखा |

### ३.२.५ संरक्षण तथा शिक्षा विषय क्षेत्र

| क्रं सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय र सहयोग |
|---|---|---|---|---|---|
| १. | सबै विषयगत क्षेत्रलाई महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको संरक्षणका तरीकाहरु बारे जानकारी दिने | निरन्तर | गाउँपालिका | सबै विषयगत क्षेत्र | महिला तथा बालबालिका शाखा |
| २. | विपद्को समयमा संरक्षण एवम् सुरक्षाका लागि चाहिने सामाग्रीहरु खरीद गरेर भण्डारण गर्ने | निरन्तर | गाउँपालिका | अनुमानित आंकलन अनुसार | महिला तथा बालबालिका शाखा |
| ३. | विद्यालयका शिक्षक र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकलाई आधारभुत मनोसामाजिक परामर्श सम्बन्धि तालिम दिने | निरन्तर | गाउँपालिका | सबै वडा र विद्यालय | नेपाल रेडक्रस सोसाईटी, सुरक्षा निकाय |
| ४. | सबै विद्यालयमा विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि बमोजिम सुरक्षित विद्यालयका न्यूनतम् गतिविधि सञ्चालन गर्न सहजीकरण गर्ने | निरन्तर | विद्यालय | सबै विद्यालय | महिला तथा बालबालिका शाखा |
| ५. | विद्यालयहरुको संकटासन्नता तथा क्षमता लेखाजोखाको लागि सहयोग गर्ने | तत्काल | विद्यालय | सबै विद्यालय | महिला तथा बालबालिका शाखा र अन्य सम्बन्धित निकायहरु |
| ६. | विद्यालयहरुको सिकाईलाई निरन्तरता दिन र पूर्वतयारी सहितको विद्यालय सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्न सहयोग गर्ने | २०७९ असोज | विद्यालय | सबै विद्यालय | सम्बन्धित शाखा |
| ७. | विद्यालय व्यवस्थापन समिति तथा प्रध्यानाध्यापकहरुलाई विद्यालय सुरक्षा सम्बन्धि तालिम दिने | २०७९ असोज | विद्यालय | सबै विद्यालय | महिला तथा बालबालिका शाखा र अन्य सम्बन्धित निकायहरु |
| ८. | कृतिम घटना तथा सिमुलेसन अभ्यास सञ्चालन गर्न गाउँपालिका र विद्यालयहरुसंग समन्वय गर्ने | निरन्तर | विद्यालय | सबै विद्यालय | सम्बन्धित शाखा |
| ९. | वैकल्पिक सिकाई सञ्चालनका लागि कार्यविधि र सामाग्री तयारी अवस्थामा राख्ने | तत्काल | गाउँपालिका | सबै विद्यालय | सम्बन्धित शाखा |
| १०. | सबै विद्यालयहरुमा अस्थायी सिकाई केन्द्र सञ्चालनका लागि आवश्यक सामाग्रीहरु तयारी अवस्थामा राख्ने | निरन्तर | विद्यालय | सबै विद्यालय | सम्बन्धित शाखा |
| ११. | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क अद्यावधिक गर्ने | २०७९ असोज भित्र | गाउँपालिका | सबै शिक्षा विषयगत क्षेत्रका सदस्यहरु | महिला तथा बालबालिका शाखा |

### ३.२.६ विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र

| क्रं सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय र सहयोग |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत विपद् सम्बन्धि सुचना संकलन, व्यवस्थापन र प्रशारणको व्यवस्था मिलाउने | तत्काल | गाउँपालिका | १ | जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र |
| २. | वडा तहमा विपद् लेखाजोखा टोली तयार गर्ने | २०७९ असोज | वडा | ९ | वडा विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाईटी |
| ३. | विपद् लेखाजोखा टोलीका सदस्यहरुलाई विपद् लेखाजोखा सम्बन्धि तालिम दिने | २०७९ असोज | वडा | ९ | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी |
| ४. | समुदाय स्तरमा विपद्को समयमा सुचना प्रवाह गर्न SMS मार्फत सुचना प्रसार गर्ने समुहगत प्रणालीको विकास गर्ने | २०७९ असोज | गाउँपालिका | १ | मोबाईल सेवा प्रदायक |
| ५. | स्थानीय रेडियो FM तथा अन्य सामाजिक मिडियाबाट जनचेतनामूलक सन्देशहरु प्रवाह गर्ने | निरन्तर | गाउँपालिका | १ | मिडियाकर्मी |
| ६. | गाउँपालिकाको विपद् सम्बन्धि सम्पूर्ण सुचना तथा गतिविधिहरु नियमित अद्यावधिक गर्ने | निरन्तर | गाउँपालिका | १ | सम्बन्धित शाखा तथा गाउँपालिका विपद व्यवस्थापन समिति |
| ७. | विपद् सुचना प्रवाह प्रकृया तय गरी वस्तीमा भएका घटनाको तत्काल स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अद्यावधिक हुने प्रबन्ध मिलाउने | निरन्तर | गाउँपालिका | १ | सम्बन्धित शाखा तथा गाउँपालिका विपद व्यवस्थापन समिति |

### ३.२.७ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र

| क्रं सं. | पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | समन्वय र सहयोग |
|---|---|---|---|---|---|
| १. | जोखिम संवेदनशील भू-उपयोग योजना बनाई कार्यान्वयन गर्ने गराउने | २०७९ असोज | गाउँपालिका | १ | सम्बन्धित शाखा |
| २. | पूर्ण रुपमा भवन आचार संहिता कार्यान्वयन सुनिश्चित गर्ने गराउने | २०७९ असोज | गाउँपालिका | ९ | सम्बन्धित शाखा |
| ३. | जोखिमयुक्त क्षेत्रहरुको दोहन र अतिक्रमणमा नियन्त्रण गर्ने | तत्काल | गाउँपालिका | ९ | सम्बन्धित शाखा |
| ४. | पहिचान गरिएका आपत्कालीन आश्रयस्थलमा अस्थायी आवास, सरसफाई, खानेपानी, सडक र बिजुलीको पूर्वाधार तयार गर्ने | तत्काल | गाउँपालिका | ९ | सम्बन्धित शाखा |
| ५. | ग्रामीण सडक निर्माण जस्ता पूर्वाधार विकास गर्दा प्राविधिक र वातावरणीय अध्ययन अनुसार विपद् जोखिम नबढ्ने कुरा सुनिश्चित गर्ने | तत्काल | गाउँपालिका | - | सम्बन्धित शाखा |
| ६. | संरचना तथा पूर्वाधारको पुनर्निर्माण अझ राम्रो थप बलियोको मान्यता अनुरुप गर्ने | तत्काल | गाउँपालिका | - | सम्बन्धित शाखा |
| ७. | विषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क विवरण अद्यावधिक राख्ने र विषयगत क्षेत्रको नियमित बैठक गर्ने | तत्काल | गाउँपालिका | - | सम्बन्धित शाखा |

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

आपत्कालीन प्रतिकार्य योजनामा विपद्को समय र विपद् पश्चात तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण राहत वितरणका र विपद् लेखाजोखा तथा सुचना व्यवस्थापन र संप्रेषणका क्रियाकलापहरु सहित प्रत्येक विषयगत क्षेत्र परिचालनको समय तालिका सहितको कार्यविधि समावेश गरिएको छ । यसका लागि देहाय बमोजिमका क्रियाकलापहरु तर्जुमा गरिएको छ :

### ३.३.१ समग्र व्यवसथापन, खोज तथा उद्धार विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरु | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १. | गाउँपालिका विपद् व्यवस्थापन समिति आकस्मिक वैठक बसी हरेक विषयगत क्षेत्रलाई तयारी अवस्थामा रहन निर्देशन दिने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २. | समन्वय, खोज तथा उद्धार विषगत क्षेत्रको आकस्मिक वैठक बस्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ३. | खोज, उद्धार र सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | ४. | खोज तथा उद्धारका लागि आवश्यक सामाग्री र यातायातको बन्दोबस्त गर्ने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ५. | घाईतेहरुको शिघ्र उद्धार गर्ने र बेपत्ताहरुको खोजी कार्यलाई तीव्रता दिने | सुरक्षा निकाय |
| | ६. | सम्भावित जोखिम क्षेत्रका समुदायको सुरक्षित स्थानान्तरण गर्ने | सुरक्षा निकाय, वडा समिति |
| | ७. | घाईतेहरुको तत्काल प्राथमिक उपचारका लागि आवश्यक समन्वय गर्ने | प्राथकि उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र |
| | ८. | मृतकहरुको पहिचान गरी मुचुल्का गरेर शव आफन्तको जिम्मा लगाउने | वडा समिति |
| २४ घण्टा देखि ७ दिनसम्म | ९. | खोज तथा उद्धार कार्यलाई आवश्यक्ता अनुसार निरन्तरता दिने | सुरक्षा निकाय |
| | १०. | २४ घण्टाको कामको प्रगती समीक्षा गरी थप खोज तथा उद्धार कार्य अघि बढाउने | सुरक्षा निकाय |
| | ११. | प्रभावितहरुको व्यक्तिगत सम्पत्ति तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | सुरक्षा निकाय |
| | १२. | आवश्यक्ता अनुसार शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १३. | बहुक्षेत्रगत प्रारम्भिक दुत लेखाजोखा गर्नको लागि सबै विषयगत क्षेत्रलाई समन्वय तथा परिचालन गर्ने | सुरक्षा निकाय |
| | १४. | विपद्को घटनाको प्रकृती हेरी आवश्यक्ता अनुसार जिल्ला, प्रदेश तथा सङ्घ सरकारसंग समन्वय गर्ने | गाउँपालिका विपद व्यवस्थापन समिति |
| ७ दिन देखि १ महिना | १५. | आवश्यक्ता अनुसार खोज उद्धार कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय |
| | १६. | विपद्मा हराएका वा नष्ट भएका अत्यावश्यक दस्तावेजहरुको लगत सङ्कलन गर्ने | वडा कार्यालय, सुरक्षा निकाय |
| | १७. | हराएका वा नष्ट भएका कागजातहरुको पुनर्निर्माण तत्काल गर्ने | वडा कार्यालय |
| | १८. | विषयगत क्षेत्रको विस्तृत लेखाजोखाको आधारमा विपद्बाट भएको क्षतीको लागि पुनर्स्थापना योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |
| | १९. | विपद् पश्चात आवश्यक्त लेखाजोखाको आधारमा गाँउपालिकाको पुनर्निर्माण योजना तयार गर्न समन्वय गर्ने | सबै विषयगत क्षेत्र |

### ३.३.२ प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र

| समय | क्रं.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरु | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १. | प्राथमिक उपचार, स्वास्थ्य तथा पोषण विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २. | घाईतेको खोज तथा उद्धारसँगै प्राथमिक उपचारका लागि प्राथमिक उपचार टोली परिचालन गर्ने | समन्वय, खोज तथा उद्धार विषय क्षेत्र |
| | ३. | विपद् प्रभावित क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना गरी सेवा सञ्चालन गर्ने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ४. | गम्भीर अवस्थाका घाईतेहरुलाई थप उपचारको लागि रिफर गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ५. | दीर्घ रोगीहरु पहिचान गरी उनिहरुको लागि औषधि तथा उपचार सेवा उपलब्ध गराउने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ६. | मपदण्ड अनुसार शुद्ध पिउने पानी र प्रभावितहरुको अवस्था अनुसार पोषणयुक्त खानाको सुनिश्चितता गर्ने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र, खाद्य विषय क्षेत्र |
| | ७. | विपद् प्रभावित क्षेत्र तथा अस्थायी आश्रयस्थलमा नियमित औषधि उपचारका साथसाथै गर्भवती जाँच, सुत्केरी र परिवार जियोजन सेवालाई निरन्तरता दिने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ८. | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यक्ता अनुसार निरन्तरता दिने | संरक्षण तथा शिक्षा विषय क्षेत्र |
| | ९. | अस्थायी आश्रयस्थल तथा प्रभावित समुदायमा महामारीजन्य विपद् फैलिन नदिन रोकथामका उपायहरु अपनाउने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| ७ दिन देखि १ महिना | १०. | स्वास्थ्य तथा पोषण क्षेत्रको विषयगत आवश्यक्ता लेखाजोखा गरी पुनर्स्थापना योजना तयार गर्ने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |
| | ११. | आवश्यक्ता अनुसार स्वास्थ्य उपचार र सेवा प्रवाहलाई निरन्तरता दिने | प्राथकि उपचार, स्वास्थ्य तथा पोषण विषय क्षेत्र |
| | १२. | थप महामारी फैलिन नदिन रोकथामका उपायहरु निरन्तर गर्ने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| | १३. | स्वास्थ्य क्षेत्रको विपद् पछिको आवश्यक्तको लेखाजोखा गरी पुनर्निर्माण योजना तयार गर्ने | जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र |

### ३.३.३ आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र

| समय | क्रं.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरु | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १. | अस्थायी आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री र राहत व्यवस्थाप विषयगत क्षेत्रको आकस्मिक बैठक बोलाउने र अवस्था विश्लेषण गर्ने, प्रभावित हुनसक्ने जनसंख्याको आँकलन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २. | विस्थापितहरुको लागि तत्काल अस्थायी बसोबासको प्रबन्ध गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ३. | प्रारम्भिक द्रुत लेखाजोखाको लागि आवश्यक बन्दोबस्त गर्ने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |
| | ४. | उद्धारकर्मी, स्वास्थ्यकर्मी तथा घाईतेहरुको ओसार, पसार र राहत सामग्रीको ओसार पसार गर्नको लागि यातायातका साधनहरुको प्रबन्ध गर्ने | समन्वय, खोज तथा उद्धार विषय क्षेत्र |
| | ५. | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारका लागि तत्काल खान मिल्ने खाद्य सामाग्री उपलब्ध गराउने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ६. | विपद् प्रभावितहरुलाई गर्मीको समयमा झुल र जाडो समयमा न्यानो कपडाको प्रबन्ध गर्ने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ७. | प्रारम्भिक द्रुत लेखाजोखा आधारमा आगामी एक महिनाको लागि खाद्य तथा गैर खाद्य आवश्यक्तको आँकलन गर्ने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |
| | ८. | प्रभावितहरुको लागि अस्थायी आश्रय स्थलमा बसोबासको प्रवन्ध गर्ने कार्यलाई निरन्तरता दिने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ९. | आश्रयस्थलमा शौचालय, खानेपानी, सरसफाई तथा औषधि उपचारको लागि अन्य विषयगत क्षेत्रसँग समन्वय गर्ने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| | १०. | विस्थापित तथा अस्थायी आश्रयस्थलमा रहेका सबै परिवारको लागि खाद्य सामाग्री, खाना पकाउने भाँडाकुँडा र ओढ्ने ओछ्याउने सामाग्री उपलब्ध गराउने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ११. | अपांगता भएका व्यक्ति एकल महिला र पुरुषका लागि उपयुक्त आश्रयस्थलको प्रबन्ध गर्ने | संरक्षण तथा शिक्षा विषय क्षेत्र |
| | १२. | विपद्को कारण आघातमा रहेका व्यक्तिहरुलाई आश्रयस्थलमा नै मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने प्रबन्ध गर्ने | संरक्षण तथा शिक्षा विषय क्षेत्र |
| | १३. | अस्थायी आश्रयस्थलमा बालबालिकालाई खेल्ने ठाँउको प्रबन्ध गर्ने | संरक्षण तथा शिक्षा विषय क्षेत्र |
| ७ देखि १ महिना | १४. | आवश्यक्त अनुसार विस्थापितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | गाउँपालिका विपद व्यवस्थापन समिति |
| | १५. | भौतिक संरचना पुनर्निर्माणका लागि आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समुहसँग समन्वय गर्ने | सामुदायिक वन उपभोक्ता समिति |
| | १६. | अस्थायी आश्रयस्थलमा रहेका बालबालिकाको सिचाई निरन्तरताको लागि गाँउपालिकाको शिक्षा र शिक्षा विषयगत क्षेत्रसँग समन्वय गर्ने | संरक्षण तथा शिक्षा विषय क्षेत्र |
| | १७. | विपद् पश्चातको लेखाजोखाको लागि आवश्य बन्दोबस्त मिलाउने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |

### ३.३.४ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषय क्षेत्र

| समय | क्र.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरु | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १. | खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्रको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २. | प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा शुद्ध पिउने पानी, तथा सरसफाईको लागि मापदण्ड अनुसारको आवश्यक पानीको प्रबन्ध गर्ने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| २४ घण्टा देखि ७ दिन | ३. | खानेपानी तथा सरसफाई आवश्यक्ताको आँकलन गर्ने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |
| | ४. | अस्थायी आश्रयस्थलमा सरसफाईका अस्थायी संरचनाहरु तयार गर्ने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ५. | प्रभावित समुदायमा सामान्य क्षती भएका खानेपानी तथा सरसफाईका संरचनाहरु तत्काल मर्मत गर्ने | जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र |
| | ६. | खानेपानी शुद्धीकरणका विधिहरु समुदायलाई जानकारी गराउने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| | ७. | अस्थायी आश्रयस्थलको फोहोर मैला व्यवस्थापनको प्रबन्ध गर्ने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| | ८. | अस्थायी आश्रयस्थलमा नियमित स्वास्थ्य खानेपानी तथा सरसफाई शिक्षा प्रवर्द्धन गर्ने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| | ९. | खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्स्थापना योजना तयार गर्ने | जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र |
| | १०. | अस्थायी आश्रयस्थलमा मापदण्ड अनुसारको खानेपानी र सरसफाईको प्रबन्ध नियमित गर्ने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| ७ देखि १ महिना | ११ | अस्थायी आश्रयस्थलमा मापदण्ड अनुसारको खानेपानी र सरसफाईको प्रबन्ध नियमित गर्ने | खानेपानी, सरसफाई तथा स्वस्च्छता प्रवर्द्धन विषय क्षेत्र |
| | १२. | खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत आवश्यक्ताको लेखाजोखा गर्ने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |
| | १३. | अस्थायी सिकाई केन्द्रहरुमा खानेपानी तथा सरसफाईको प्रबन्ध गर्ने | संरक्षण तथा शिक्षा विषय क्षेत्र |
| | १४. | विपद् पछिको क्षेत्रगत आवश्यक्ताका आधारमा खानेपानी तथा सरसफाई क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |

### ३.३.५ संरक्षण तथा शिक्षा विषय क्षेत्र

| समय | क्रं.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरु | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १. | संरक्षण तथा शिक्षा विषयगत क्षेत्रको आकस्मिक वैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २. | अवस्था अनुसार आपत्कालीन प्रतिकार्यको लागि विद्यालय बन्द गर्नुपर्ने भएमा बन्द गर्न नगर विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ३. | विद्यालयको क्षेती तथा शिक्षक विद्यार्थीको अवस्था आँकलन गरी खोज उद्धारमा सहयोग गर्ने | महिला तथा बालबालिका शाखा, नेपाल रेडक्रस सोसाईटी |
| | ४. | आवश्यक्ता अनुसार प्रभावितहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने | नेपाल रेडक्रस सोसाईटी |
| २४ घण्टा देखि ७ दिन | ५. | शिक्षा क्षेत्रमा भएको क्षतीको प्रारम्भिक विवरण संकलन गरी आवश्यक्ता आँकलन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ६. | विपद्का कारण हराएका वा छुट्टिएका बालबालिकाहरुलाई अभिभावकसँग पुनर्मिलन गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ७. | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई संरक्षण दिने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ८. | आवश्यक्ता अनुसार मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ९. | नेपाल प्रहरी र स्थानीय सामाजिक संस्थाहरुबीच संयन्त्र तयार गरी बाहिरबाट आउने व्यक्तिहरुमाथि निगरानी राख्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १०. | विपद्बाट प्रभावित समुदाय तथा अस्थायी आश्रयस्थलमा सामाजिक र लैंगिक विभेद नभएको सुनिश्चित गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ११. | मानव बेचबिखन, ओसारपसार र अपहरण जोखिम न्यूनीकरणका लागि गाँउपालिकाको सिमा नाकाहरुमा नागरिक सुरक्षा चेक पोष्ट स्थापना गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १२. | शिक्षा क्षेत्रमा भएको क्षतीको प्रारम्भिक विवरण सङ्कलन गरी आवश्यक्त आँकलन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १३. | सिकाईलाई निरन्तरता दिनको लागि कार्ययोजना क्रियाशील गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १४. | तत्काल विद्यलय सञ्चालन हुनसक्ने अवस्थामा अस्थायी सिकाई केन्द्र स्थापना गरी सिकाई सुचारु गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १५. | अस्थायी सिकाई केन्द्र पनि सञ्चालन हुन नसक्ने अवस्थामा वैकल्पिक विधिबाट सिकाई सुचारु गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १६. | शिक्षकहरुका लागि आपत्कालीन शिक्षा सम्बन्धि अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १७. | अस्थायी सिकाई केन्द्रहरुमा छात्रा विद्यार्थीहरुमाथि हुनसक्ने हिंसा रोक्नका लागि सुरक्षा संयन्त्र निर्माण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १८. | बालबालिकाहरुलाई विद्यालय फर्कने वातावरण बनाउन अभिभावकहरुसंग समुदायमा छलफल गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १९. | विपद् प्रभावित विद्यार्थीहरुको लागि अवस्था र आवश्यक्ता अनुसार विद्यालय पोशाक, पाठ्यपुष्तक र स्टेसनरी सामाग्रीहरु उपलब्ध गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

| | | | |
|---|---|---|---|
| ७ देखि १ महिना | २०. | विपद् प्रभावित समुदाय वा अस्थायी आश्रयस्थलमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिहरुलाई निगरानी राख्ने र विशेष संरक्षणको व्यवस्था मिलाउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २१. | विद्यालय आउने जाने बाटोहरु भत्किएको बिग्रिएको भए मर्मत गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २२. | बालबालिकाका लागि मनोरन्जनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २३. | गम्भीर प्रकृतिको अवस्था बाहेक सामान्यत विपद्को घटना भएको १० दिन सम्ममा सिकाई सुचारु गर्ने प्रबन्ध गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २४. | विपद् पछिको आवश्यक्ता लेखाजोखा गरी संरक्षण तथा शिक्षा क्षेत्रको पुनर्निर्माण योजना तयार गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

### ३.३.६ जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्र

| समय | क्रं.सं. | प्रतिकार्य सम्बन्धि क्रियाकलापहरु | समन्वय/सहयोग |
|---|---|---|---|
| ० देखि २४ घण्टा | १. | जीविकोपार्जन, पुनर्स्थापना तथा शीघ्र पुनर्लाभ विषय क्षेत्रको आकस्मिक वैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | २. | विपद्बाट क्षती भएका सडक, सञ्चार तथा विद्युत पूर्वाधार सुचारु गर्न पहल गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| २४ घण्टा देखि ७ दिन | ३. | पुनर्स्थापनाका लागि आवश्यक पूर्वाधारहरुको आवश्यक्ता लेखाजोखा गर्ने | विपद् लेखाजोखा एवम् सुचना व्यवस्थापन विषय क्षेत्र |
| | ४. | अस्थायी आश्रयस्थलमा आधारभुत अस्थायी पूर्वाधारहरु निर्माण गर्ने | आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैर खाद्य सामाग्री एवम् बन्दोबस्ती विषय क्षेत्र |
| | ५. | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को आधारमा तत्कालको लागि प्राथमिकता तय गर्ने | विपद लेखाजोखा तथा विषयगत क्षेत्र |
| | ६. | आफ्नो घर फर्कने चाहने विस्थापितहरुलाई समुदायमा पुनर्स्थापित गर्ने प्रकृया तय गरी पुनर्स्थापित गर्ने | विपद लेखाजोखा तथा विषयगत क्षेत्र |
| ७ देखि १ महिना | ७. | क्षेत्रगत विस्तृत लेखाजोखाको आधारमा क्षेत्रगत पुनर्स्थापन योजना तयार गर्ने | विपद लेखाजोखा तथा विषयगत क्षेत्र |
| | ८. | सामान्य क्षती भएका पूर्वाधार तथा संरचनाहरुको मर्मत तथा सम्भार गरेर सेवा सुचारु गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | ९. | विपद् पछिको आवश्यक्ताको लेखाजोखाको आधारमा गाउँपालिकाको पुनर्निर्माण योजना तयार गर्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |
| | १०. | पुनर्निर्माण नसकिएसम्म कार्य जारी राख्ने | गाउँपालिका विपद् व्यवस्थापन समिति |

